# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक १४० | काठमाडौं | आइतबार, २४ भदौ २०८० | Prabhab National Daily | Sunday, September 10, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## कांग्रेसको साहित्य सम्मेलनमा बाबुरामदेखि प्रदीप ज्ञवालीसम्म

- कांग्रेस केन्द्रीय कार्यालय सानेपामा आज बिहान ११ बजे पार्टी सभापति शेरबहादुर देउवाले सम्मेलनको उद्घाटन गर्ने
- 'अन्तर्राष्ट्रिय राजनीति र कूटनीतिमा बिपी' शीर्षकमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, प्रदीप ज्ञवालीलगायतसँग विमर्श
- अन्तिम दिन मंगलबार ' परिवारले बुझेको बिपी' शीर्षकमा डा. शेखर कोइराला, सुजाता कोइराला र डा. शशांक कोइरालाले अनुभव बाँड्ने

**■ सम्झना राई**

**काठमाडौं–** नेपाली कांग्रेसको आयोजनामा आजबाट बिपी साहित्य सम्मेलन सुरु हुँदै छ । ललितपुरको सानेपास्थित कांग्रेस केन्द्रीय कार्यालयमा बिहान ११ बजे पार्टी सभापति शेरबहादुर देउवाले सम्मेलनको उद्घाटन गर्ने कार्यक्रम छ ।

उद्घाटनअघि पत्रकार जगत नेपालले तयार पारेको 'हाइज्याकिङ फर डेमोक्रेसी' वृत्तचित्र प्रदर्शन हुनेछ । उद्घाटनपछि अभि सुवेदीले बिपीको साहित्य सिर्जना र जीवन दर्शन विषयमा विश्लेषण गर्नेछन् । त्यसैगरी विश्लेषकहरु सिकेलाल, कृष्ण खनाललगायतको सहभागितामा महामन्त्री 'बिपीको दृष्टिमा बिपी' कार्यक्रम तय भएको छ ।

महोत्सव कांग्रेस केन्द्रीय कार्यालयको आयोजना, नेपाली लेखक संघको संयोजन एवं निरन्तर शनिबार, नेपाल सांस्कृतिक संघ र फाइन आर्टको सहयोगमा हुन लागेको हो । महोत्सवको पूर्णतयारी सम्पन्न भएको महोत्सवलाई सम्पन्न गर्न गठन गरिएको मूल तयारी समितिका संयोजक एवं कांग्रेस सहमहामन्त्री बद्रीप्रसाद पाण्डेले जानकारी दिए ।

दोस्रो दिन भारतबाट आइपुगेका आनन्द कुमारसँग शंकर तिवारीले साक्षात्कार गर्नेछन् । भारतीय प्राध्यापक कार्यक्रमका लागि शुक्रबार नै काठमाडौं उत्रिसकेका छन् । उनले 'मार्क्स, गान्धी एण्ड क्वेस्ट फर डेमोक्रेटिक सोसालिजम टुडे' शीर्षकमा आफ्नो भनाइ राख्नेछन् । सोमबार बिपीले नपाएका १५ वर्ष शीर्षकमा हरि शर्मा, विपिन अधिकारी, अच्युत वाग्ले, मञ्चला झाले महामन्त्री गगन थापाको साथमा मन्थन गर्नेछन् ।

त्यसपछि 'बिपीको आख्यानमा मधेस' शीर्षकमा सनत रेग्मी, नयनराज पाण्डे र प्रा. सञ्जीता बर्माले बहस गर्ने कार्यतालिका रहेको छ । 'अन्तरार्ष्ट्रिय राजनीति र कूटनीतिमा बिपी' शीर्षकमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, प्रदीप ज्ञवालीलगायतसँग पत्रकार सुधीर शर्माले विमर्श गर्नेछन् । त्यसैगरी सोही दिन 'युवा स्रस्टामा बिपी पठन' विषयमा साहित्यकारहरु बुद्धिसागर, रामलाल जोशी, सरस्वती प्रतीक्षा र सुविन भट्टराईसँग पत्रकार बसन्त बस्नेतले बहस गर्नेछन् ।

सोही दिन ३० जना कलाकारसहितको गजल साँझसमेत हुनेछ । तीन दिने कार्यक्रम भव्य हुने महामन्त्री थापाले बताए । 'तीन दिन कविता वचन हुन्छ । गजल वाचन हुन्छ । तीन दिनसम्म भव्य चल्नेछ । बिपीलाई भेट्ने चाहना छ भने सानेपामा आउनुहोला,' थापाले भने ।

अन्तिम दिन मंगलबार केदारभक्त माथेमाले बिपीको समाजवादी परिकल्पनामा शिक्षा विषयमा मन्तव्य दिने कार्यतालिका रहेको छ । सोही दिन परिवारले बुझेको बिपी शीर्षकमा डा. शेखर कोइराला, सुजाता कोइराला र डा. शशांक कोइरालाले अनुभव बाँड्नेछन् । कार्यक्रमको समापनमा कुटुम्ब ब्याण्डको विशेष प्रस्तुति रहनेछ ।

(बाँकी पृष्ठ ३ मा)

### संघीय सांसदको शैक्षिक योग्यता

# कम्तीमा स्नातक उत्तीर्ण ६५ प्रतिशत

**■ जेबी योञ्जन**


**काठमाडौं–** पञ्चायतको सुरुतिर देश सञ्चालनका लागि कानुन बनाउने थलो संसद्मा स्नातक वा त्यसभन्दा माथिल्लो तह उत्तीर्ण सांसद विरलै हुन्थे । अध्ययन कम भएका सांसदको बाहुल्यता हुन्थ्यो ।

'विद्वत सांसद'का रूपमा स्नातक वा त्यसभन्दा माथिल्लो तह उत्तीर्ण गरेकाहरूको संसद्मा अभाव पूर्ति गर्न नेपालको संविधान २०१९ मै 'स्नातक कोटा' राखियो । उक्त कोटामा तीनपटकसम्म मतदान गर्नेमध्येका एक जना राजनीतिशास्त्री प्रा.डा. लोकराज बरालका अनुसार कानुन निर्माणमा सहजता हुने मूल ध्येयले त्यसबेलाको पञ्चायती संविधानमा त्यस्तो कोटाको व्यवस्था गरिएको थियो ।

तर, देश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा आइसक्दा भने संसद्मा कोटाविनै विद्वत सांसदहरूको स्पष्ट बाहुल्यता देखिएको छ । अर्थात् संसद्मा कम्तीमा स्नातक तह उत्तीर्ण सांसदहरू ६५ प्रतिशत छन् ।

संघीय संसद् सचिवालयले हालै प्रकाशन गरेको 'संघीय संसद् सदस्य विवरण'मा उल्लेख भएअनुसार उनीहरू सबै गत ४ मंसिरमा भएको निर्वाचनबाट प्रत्यक्ष र समानुपातिक कोटाबाट निर्वाचित भएका हुन् । उक्त पुस्तिकामा २७५ जना सांसदमध्ये सर्वाधिक ८७ जना स्नातक तह उत्तीर्ण छन् । स्नातकोत्तर तह अध्ययन गरेका ८१ जना छन् । एमफिल र विद्यावारिधि गरेका सांसद १३ जना छन् । यसरी कम्तीमा स्नातक तह उत्तीर्ण सांसद १८१ जना छन् । यो संख्या भनेको कूल सांसद संख्याको ६५.८१ प्रतिशत हो ।

पुस्तिकामा उल्लेखित सांसदको शैक्षिक विवरणअनुसार प्लस टुसम्मको अध्ययन गर्ने ४९ (१७.८१ प्रतिशत) जना छन् । एसएलसीसम्मको अध्ययन गरेका २९ जना (१०.५४ प्रतिशत) छन् । साधारण लेखपढ भएका १० जना (३.६३ प्रतिशत) र शैक्षिक विवरण उल्लेख नगरिएका छ जना (२.१८ प्रतिशत) छन् । यसरी कम्तीमा स्नातक तह उत्तीर्ण नभएका सांसदहरू ३४.१६ प्रतिशत छन् ।



*स्रोतः संघीय संसद् सचिवालय*

- ओलीको साधारण लेखपढ, सिके राउतको पिएचडी
- साधारण लेखपढ गर्ने ओलीसहित १० जना सांसद
- एमफिल र विद्यावारिधि गर्ने सांसद १३ जना

शैक्षिक योग्यताको विवरण नखुलेका छ जना सांसदमध्ये एमालेका रघुजी पन्त पनि पर्छन् । उनी पूर्वपत्रकारसमेत हुन् । उनले शैक्षिक योग्यतामा ' पत्रकारिता' उल्लेख गरेका छन् ।

कांग्रेस सांसद किशोरसिंह राठौरले प्रभावसँग भन्नचाहिँ डिप्लोमा तहसम्मको अध्ययन गरेको भनेका छन् । तर, उनको योग्यता पुस्तिकामा खुलाइएको छैन ।

एमालेका अन्य सांसद मनबहादुर गुरुङ र सूर्यप्रसाद ढकालको शैक्षिण विवरण छैन । सांसद गुरुङले 'टेस्ट पास' गरेको तर संसद् सचिवालयले विवरणमा छुटाएको हुनसक्ने बताए । 'मैले टेस्ट पास गरेको हुँ । यही भनेको थिएँ । तर, पुस्तिकामा रहेनछ,' उनले भने । अर्का एमाले सांसद ढकालको योग्यता चाहिँ कति ? स्पष्ट भएको छैन ।

पुस्तिकामा मओवादी सांसद सूर्यमान दोङको पनि शैक्षिक योग्यता छैन । उनले आफूले साधारण लेखपढ गरेको बताए । 'मैले साधारण लेखपढ गरेको हुँ । त्यही विवरण भरेर बुझाएको थिएँ । खाली आएछ,' उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद डोलप्रसाद अर्यालको पनि योग्यतामा खाली छ । उनले एसएलसी पनि उत्तीर्ण नगरेको विवरणहरू आइरहेको छ ।

**देश हाँकेका सांसदहरूको योग्यता**

संसद्को प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली दुईपटक प्रधानमन्त्री भए । शासनसत्ता चलाए । उनको शैक्षिक योग्यता भने संसद् सचिवालयले प्रकाशन गरेको विवरणमा 'साधारण लेखपढ' उल्लेख छ । यद्यपि, उनले मानार्थ विद्यावारिधिको उपाधि पाइसकेका छन् । औपचारिक शैक्षिक योग्यता सर्वाधिक कम भएका प्रधानमन्त्री ओली नै हुन् ।

वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल ओलीभन्दा माथिल्लो तहको शैक्षिक योग्यता भएका नेता हुन् । नेकपा माओवादी केन्द्रका अध्यक्षसमेत रहेका उनको योग्यता स्नातक तह उत्तीर्ण छ । १० वर्षसम्म सशस्त्र विद्रोह गर्दै संसदीय राजनीतिमा आएका उनी डेढ दशकदेखि राष्ट्रिय राजनीतिको केन्द्रमा छन् । उनी गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्रीसमेत हुन् । उनको अहिले तेस्रो प्रधानमन्त्रीत्वकाल हो ।

(बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

## अमेरिका बसेर मानव तस्करी गर्ने गौतम पक्राउ

### २०० नेपालीलाई अवैध बाटोबाट अमेरिका पुऱ्याएको खुलासा

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** विभिन्न मुलुकमा एजेण्ट परिचालन गरी रोजगारी तथा अन्य प्रलोभनमा पारेर नेपालीलाई बेचबिखन (तस्करी) गर्ने कार्यमा संलग्न गिरोहको नाइकेलाई पक्राउ गरिएको छ । पश्चिम नेपालको रुकुम घर भई हाल अमेरिकी नागरिकता लिएर अमेरिकाको टेक्सास बस्ने अमेरिकी नागरिक ५२ वर्षीय हस्त गौतमलाई प्रहरीले रुपन्देहीबाट पक्राउ गरेको हो ।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले गरेको अनुसन्धान अनुसार तस्करीका मुख्य योजनाकार (नाइके) गौतमले अहिलेसम्म २०० जना नेपालीलाई अमेरिका पठाइसकेको खुलेको छ । यसरी अमेरिका पठाउने क्रममा गौतमले दुई करोड रुपैयाँभन्दा बढी ठगी गरेको पाइएको ब्युरोका प्रहरी नायब उपरीक्षक ज्ञानबहादुर विष्टले जानकारी दिए । गौतमका सहयोगी कमल तामाङसहितका तीन जनाविरुद्ध भने यसअघि नै पाँच मुद्दा



दर्ता गरी ब्युरोले अनुसन्धान थालिसकेको छ ।

गौतमको सुरुआती घर पश्चिम नेपालको रूकुमस्थित सिस्ने गाउँपालिकाको नाथीगाड रहेको बताइएको छ । उनी स्वयं भने हिँड्डुल गर्न सक्दैनन् । ह्विलचियरको सहायतामा हिँड्डुल गर्ने उनले आफ्नो आधार क्षेत्र मेक्सिको बनाई पाँच जना एजेण्टलाई नेपालसहित युनाइटेड अरब इमिरेट्स (युएई), सिंगापुर, फिलिपिन्स, थाइल्याण्ड, श्रीलंका, कोलम्बिया, ल्याटिन अमेरिकालगायत क्षेत्रमा परिचालन गरी मानव तस्करी गर्ने गरेको ब्युरोको अनुसन्धानबाट खुलेको छ ।

उक्त गिरोहबाट पीडित भएका चार जनाको उद्धार गरिएको छ भने अझै दुई जनाको उद्धार गर्न बाँकी रहेको प्रहरी नायब उपरीक्षक विष्टले जानकारी दिए । 'बाँकी १३ नेपालीलाई विभिन्न देश पठाउने भनी अलपत्र पारेको उजुरी परेको छ,' उनले भने ।

गौतमले अमेरिका पठाउने भनी भ्रमण राहदानीकोसमेत दुरुपयोग गरेको पाइएको छ । नेपाली नागरिकलाई विभिन्न देशमा पुऱ्याई उनले आफ्नो गिरोहमार्फत राहदानी, मोबाइलसमेत जफत गरी ठूलो मात्रामा पैसा माग गर्ने गरेका थिए । एजेण्टले भनेजति पैसा नदिए शारीरिक तथा मानसिक यातना दिने, थप पैसा माग्ने, विदेशमा रहेका एजेण्टलाई बेचबिखन गर्ने, बुझाउनेजस्ता क्रियाकलाप गरी नेपाली नागरिकलाई अलपत्र पार्ने गरेको पाइएको छ । गौतममाथि मानव बेचबिखन, ओसारपसार तथा संगठित अपराध मुद्दामा अदालतबाट सात दिनको म्याद लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## कुवेतबाट २५ हजारभन्दा बढी विदेशी नागरिक 'डिपोर्ट'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीको क्रममा कुवेत पुगेका २५ हजारभन्दा बढी विदेशी नगारिक तथा श्रमिकलाई कानुन उल्लंघन गरेको आरोपमा देश निकाला 'डिपोर्ट' गरिएको छ । २०२३ को जनवरीदेखि अगस्टसम्म आठ महिनाको अवधिमा कुवेत सरकारले २५ हजारभन्दा बढी विदेशीलाई देश निकाला गरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यम गल्फ न्युजले जनाएको छ ।

कुवेत कानुनको उल्लंघन गरेको आरोपमा डिपोर्ट हुनेमध्ये अधिकांश आप्रवासी श्रमिकहरु रहेको बताइएको छ । जसमध्येमा १० हजारभन्दा बढी महिला रहेको समाचारमा उल्लेख गरिएको छ । उनीहरु रोजगारीको सिलसिलामा विभिन्न मुलुकबाट कुवेत आइपुगे पनि अवैध बसोबास र राष्ट्रिय सुरक्षामासमेत असर पर्ने गतिविधिमा संलग्न भएको पाइएको उल्लेख गरिएको छ ।

कतिपय आप्रवासीहरुलाई लागुऔषधको दुर्व्यसनी र वितरण गर्ने, मादकपदार्थको अवैध कारोबार गर्ने, रोजगारीमा संलग्न नभई माग्नेलगायतका कानुनले निषेध गरेका कार्य गर्ने गरेको कारण देश निकाला गर्नुपरेको कुवेतले जनाएको छ । पछिल्लो समय कुवेतका प्रथम उपप्रधान तथा इन्टेरियरमन्त्री शेख तलाल अल खालिदले देशलाई कानुन उल्लंघन गर्नेहरूबाट सुरक्षित राख्ने नीति अनुरुप विदेशी नागरिकलाई देश निकाला गरी स्वदेश फर्काउनुपरेको बताएका छन् ।

यसका साथै कुवेतले आफ्नो देशको जनसंख्या र विदेशी नागरिकहरुबीच सन्तुलन कायम गर्न खोजिरहेको छ भने देशमा हुने अनियमित रोजगारीको अन्त्य गर्ने नीति लिएको उक्त समाचारमा जनाइएको छ । कुवेतमा स्थानीय नागरिकभन्दा धेरै विदेशी नागरिकहरुको संख्या रहेको विभिन्न तथ्यांकले देखाएको छ । कूल जनसंख्याको ६० प्रतिशत विदेशी नागरिक रहेको कुवेतमा ३८ देखि ४२ प्रतिशतमात्रै स्थानीय रहेको बताइन्छ ।

विदेशीहरुमा सबैभन्दा धेरै एसियन देशका नागरिकहरू रहेको उल्लेख गरिए पनि डिपोर्ट हुनेहरुमा रोजगारीका लागि कुवेत पुगेका नेपालीहरु पनि रहेको बताइएको छ । यद्यपि नेपालीको यकीन विवरण प्राप्त भएको छैन ।


## प्रेस विज्ञप्ति

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको वैदेशिक रोजगार विभागले जर्मनीमा सहायक कामदार पठाउनका लागि आवेदन माग गरेको भनी नक्कली र झुट्टो विज्ञापन बनाई सामाजिक सञ्जालमार्फत् भइरहेको प्रचारप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । जर्मनी रोजगारदाताहरूले नेपालका इजाजतपत्रवाला संस्था (Recruiting Agency) मार्फत् कामदार लिने गरेकोमा केही समयदेखि दूतावासबाट मागपत्र प्रमाणीकरण नभएका कारण इजाजतपत्रवाला संस्थाले समयमा कामदार पठाउन सकेका छैनन् । संस्थागत कामदार पठाउन नसकेको फाइदा उठाउँदै केही गैरकानूनी व्यक्ति र इजाजतपत्र नलिएका संस्थाहरूले जर्मनीमा कामदारको माग आएको भनी गैरकानूनी रूपमा विज्ञापन गर्ने, अन्तर्वार्ता लिने, तालिम दिने साथै केही दिनदेखि सामाजिक सञ्जालमार्फत् जर्मनीमा कामदार माग भएको भनी वैदेशिक रोजगार विभागको नक्कली सूचना बनाएर ठगी गर्ने उद्देश्यले विज्ञापन गरेर नेपाल सरकार र समग्र वैदेशिक रोजगारलाई नै बदनाम गर्ने गरी ठगी गर्ने उद्देश्यले गैरकानूनी कार्य गर्न खोज्नेलाई कानूनी कारबाही गर्न गृहमन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय समक्ष नेपाल वैदेशिक रोजगार व्यवसायी संघ जोडदार माग गर्दछ । साथै वैदेशिक रोजगार विभागले जर्मनीका लागि कुनै पनि मागपत्रको विज्ञापन नगरेको र उक्त नक्कली भ्रामक विज्ञापनमा कोही पनि नेपाली नागरिक भ्रममा नपर्न समेत संघ यसै विज्ञप्तिमार्फत हार्दिक अपिल गर्दछौं ।

**राजेन्द्र भण्डारी**
**अध्यक्ष**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं.०१-४५९०९६९/४५९४४१८

# कान नसुन्ने बिरामीका लागि 'कोक्लियर इम्प्लान्ट'मार्फत उपचार

■ शरद् शर्मा

**काठमाडौं–** वीर अस्पतालले कान नसुन्ने बिरामीका लागि 'कोक्लियर इम्प्लान्ट'मार्फत सुन्नसक्ने बनाउने सेवा सुरु गरेको छ । अस्पतालले पटक्कै कान नसुन्ने वा केही समस्याका कारण सुन्न छोडेका बिरामीका लागि कोक्लियर इम्प्लान्ट (यो सानो इलेक्ट्रोनिक उपकरण हो जसले गम्भीर श्रवण हानि भएका मानिसको श्रवण सुधार गर्न मद्दत गर्छ) मार्फत सुन्न सक्ने बनाउने सेवा सुरु गरेको हो ।

'कतिपय बहिरोपन (श्रवण शक्ति न्यून) रहेका बिरामीले कानमा डिभाइस (यन्त्र) लगाएर सुन्न सक्नुहुन्छ । कानको सुन्ने क्षमता अत्यन्त कम भएका, शल्यक्रिया गरेर पनि सुन्न नसक्ने बिरामीलाई कोक्लियर इम्प्लान्टलाई शल्यक्रियामार्फत प्रत्यारोषण गरेर सुन्न सकिने बनाउने सेवा हो,' अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा.डा. दीपेन्द्र श्रेष्ठले भने ।

कुनै कान नसुन्ने वा बहिरोपनलाई शल्यक्रिया वा कुनै मेसिन लगाएर सुन्न सकिने बनाउन सकिने जनाउँदै उनले कान सुन्दै नसुन्ने बिरामीलाई शल्यक्रिया वा यन्त्र प्रयोग गर्दा पनि प्रभावकारी नभएमा कोक्लियर प्रत्यारोषण गरेर सुन्नसक्ने बनाउने बताए ।

वीरमा हालसम्म दुई जनाको कोक्लियर इम्प्लान्टमार्फत उपचार गरी कान सुन्न सक्ने बनाइएको डा. श्रेष्ठले जानकारी दिए । उनका अनुसार दुवै जनाको प्रत्यारोपणका लागि कोक्लियर निर्माण कम्पनीले १० लाख रुपैयाँ बराबरको यन्त्र सहयोग गरेको हो ।

'एक जना १८ वर्षीया युवतीमा १४ वर्षदेखि राम्रोसँग कान नसुन्ने समस्या थियो । उनको मिर्गौला फेल भएपछि दुवै कान सुन्न छाडिन्,' डा. श्रेष्ठले भने, 'अर्का ६० वर्षीय वृद्धाले कोरोना संक्रमण भएपछि दुवै कान सुन्न छाडेका थिए । उनीहरूलाई कोक्लियर इम्प्लान्टलाई शल्यक्रियामार्फत प्रत्यारोषण गरेर सुन्नसक्ने बनाएका छौं ।'

अहिले परीक्षणको रूपमा दुई जनाको सफल उपचार गरिएको बताउँदै उनले केही प्राविधिक समस्या रहेकाले उक्त समस्या समाधान गरेपछि कोक्लियर प्रत्यारोपणलाई निरन्तरता दिने जानकारी दिए । यसअघि त्रिवि शिक्षण अस्पतालमा पनि कोक्लियर इम्प्लान्टलाई शल्यक्रियामार्फत प्रत्यारोषण गरेर कान सुन्ने बनाउने गरिएको थियो ।

शिक्षण अस्पतालमा उक्त सेवाका लागि सरकारले बिरामीलाई छ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने गरेको छ । बाँकी बिरामीले व्यहोर्नुपर्ने हुन्छ । डा. श्रेष्ठले वीर अस्पतालमा पनि चाँडै सरकारसँगको समन्वयमा कोक्लियर प्रत्यारोपण सुरु गरिने बताए । उनका अनुसार 'भेरिया टेक्निक' अपनाएर गरिने प्रत्यारोषणमा एक घण्टामा बिरामीको शल्यक्रिया गरेर कोक्लियर इन्प्लान्ट राखिन्छ ।

**के हो कोक्लियर प्रत्यारोपण ?**

'हाम्रो कानमा बाहिर, मध्य र भित्री भाग गरेर तीन भाग हुन्छन् । कानको भित्री भाग ककलिया हुन्छ । ककलियाले बाहिरबाट आएको ध्वनि मोकानिकल इनर्जीलाई इलेक्ट्रिक इनर्जीमा परिवर्तन गरेर ब्रेन (दिमाग)मा पुऱ्याउने गर्दछ । अनि हामीले केही कुरा सुन्छौं । हामीले सुन्ने कानले नभई दिमागले हो । ककलिया भित्र खराबी, नशामा खराबी आयो भने साउण्ड इनर्जी दिमागसम्म जान बन्द हुन्छ र मानिसले कान सुन्न छाड्छ,' अस्पतालका नाक, कान, घाँटी रोग विशेषज्ञ प्रा.डा. श्रेष्ठले भने ।

कान नसुन्ने अलिअलि समस्या भएका बिरामीलाई यन्त्र (मेसिन) इयरफोन लगाएर सुन्न सक्ने बनाइने उनले बताए । कान धेरै नै नसुन्ने वा यन्त्रले काम नगर्ने समस्या भएका बिरामीका लागि कोक्लियर प्रत्यारोषण प्रभावकारी हुने उनको भनाइ थियो ।

जन्मिनेबित्तिकै कतिपय मानिस नसुन्ने समस्या लिएर जन्मिने जनाउँदै डा. श्रेष्ठले बच्चा छ वर्षको हुँदासम्म कान सुनिसक्नुपर्ने जानकारी दिए । यदि छ वर्षसम्म पनि बच्चाले सुन्न र बोल्न सकेन भने सधैँभरि नसुन्ने र नबोल्ने समस्या हुने उनले बताए ।

'छ वर्षको उमेरपछि जुनसुकै प्रविधि प्रयोग गरेर उपचार गरे पनि त्यो मानिसले आवाज बुझ्दैनन् र आवाज नबुझेपछि बोल्न सक्दैनन्,' नाक, कान र घाँटी रोग विशेषज्ञ डा. श्रेष्ठले भने, 'जसले सानैदेखि वा छ वर्षको उमेरसम्म पनि सुन्न सक्दैन त्यस्ता बच्चालाई छ वर्ष अगाडि नै कोक्लियर इम्प्लान्टको प्रत्यारोषण गर्नुपर्दछ । यसले सामान्य बच्चाजस्तै सुन्ने सक्ने बनाउँछ ।'

कोक्लियर इम्प्लान्ट इलेक्ट्रोनिक उपकरण भएको डा. श्रेष्ठले बताए । 'यो उपकरण प्रत्यारोपण गर्दा कानको पछाडिको बाहिरी भागमा शल्यक्रिया गरी छालामुन्तिरको हड्डीमा यन्त्र राख्दछौं र त्यो यन्त्रले मोकानिकल इनर्जीलाई इलेक्ट्रिकल इनर्जीमा रुपान्तरण गर्दछ,' उनले भने ।

**के कारणले कान सुनिँदैन**

'मेनेजाइटिक्स,' कोभिड-१९, मिर्गौला र अन्य विभिन्न कारणले कान नसुन्ने समस्या आउने गरेको अस्पतालका नाक, कान र घाँटी रोग विशेषज्ञ डा. श्रेष्ठले बताए । उनले कोक्लियर इम्प्लान्ट प्रविधि महँगो भएको जनाउँदै यसको प्रत्यारोपणका लागि १० लाख रुपैयाँभन्दा बढी खर्च लाग्ने जानकारी दिए ।

डा. श्रेष्ठका अनुसार नेपालमा १७ प्रतिशतमा बहिरोपनको समस्या छ भने पटक्कै कान सुन्न नसक्नेको तथ्यांक सरकारसँग छैन । 'अस्पतालमा पटक्कै कान नसुन्ने बिरामी धेरै नै आउने गरेका छन्,' उनले भने, ' हामीले उपचार सेवा अहिलेसम्म दिन सकिरहेका थिएनौं । अब यस प्रविधिबाट सेवा लिन चाहनेलाई सहज हुनेछ ।'

वीर अस्पतालभन्दा अगाडि त्रिवि शिक्षण अस्पताल यसको प्रत्यारोपण सुरु गरेको भन्दै त्रिविमा बिरामीको चाप निकै बढेको डा. श्रेष्ठले बताए । 'पैसा भएर पनि मानिसले उपचार पाएका छैनन् । पैसा हुने मानिस भारतलगायत विदेशमा गएर कोक्लियर प्रत्यारोपण गरिरहेका छन्,' उनले भने ।

अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले बहिरंग विभागमा धेरै बिरामी कान तथा श्रवणसम्बन्धी समस्या लिएर आउने गरेका बताए । उनका अनुसार शिक्षण अस्पतालमा सरकारले कोक्लियर इम्प्लान्ट राख्नका लागि बिरामीलाई छ लाख रुपैयाँ बराबर आर्थिक सहयोग गर्दै आइरहेको छ ।

अस्पतालका निर्देशक डा. पौडेलले वीर अस्पतालले बिरामीको अवस्था हेरेर सुविधा थप गर्ने बताए । उनले सेवा/सुविधा थप्ने गर्ने क्रममा कान नसुन्ने बिरामीलाई कोक्लियर इम्प्लान्ट सेवा सुरु गरेको बताउँदै अस्पतालमा उपचार गर्न आउने बिरामीलाई सहुलियतरूपमा उपचारको व्यवस्था गर्न सरकारलाई आग्रह गर्ने बताए । *रासस*

## पानी, दूध र खानेतेलको अनुगमनमा काठमाडौं महानगर

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले उपभोक्तालाई गुणस्तरयुक्त पिउने पानी, दूध र तेलको उपभोगको सुनिश्चितता गराउने उद्देश्यले ती वस्तुको अनुगमनमा कडाइ गरेको छ । महानगरपालिकाको कृषि तथा पशुपक्षी विभागले उपभोक्ताको स्वास्थ्यलाई ध्यानमा राख्दै पानी, दूध र तेलको शुद्ध तथा गुणस्तर कायम गर्न प्रभावकारी अनुगमन अभियान सञ्चालन गरेको हो ।

विभागका प्रमुख वरिष्ठ पशु चिकित्सक डा. अवदेश झाले उपभोक्तालाई स्वच्छ, स्वस्थ्य पानीको उपयोगको वातावरण सिर्जना गर्न कडाइका साथ अनुगमन अभियान थालिएको बताए । उनका अनुसार महानगरले यही भदौ १ गतेदेखि नियमितरूपमा पहिलो चरणमा पानीको अनुगमन गरिरहेको छ । भदौभर पानीको अनुगमन गरिने र असोजमा पानीसहित दूधको र क्रमशः तेलको पनि अनुगमन गरिनेछ । चालु आर्थिक वर्षभरि अनुगमन अभियान चलाइने विभाग प्रमुख डा. झाले जानकारी दिए ।

'जारको पानीको शुद्धता पत्ता लगाउने तथा समस्याको पहिचान गरी आवश्यक कारबाही प्रक्रियामा लैजान्छौं,' उनले भने ।

उपत्यकामा जारको पानी वितरण गर्ने कम्पनीले कुच्चिएको, फुटेको जारमा पानी बोक्ने गरेको पाइएकाले त्यस्ता जार जफत र नष्ट गर्ने गरिएको छ । 'पानी उत्पादक कम्पनीलाई पनि थाहा हुँदैन, उसको पानीको जार कहाँ छ त्यो पानी कसको हो भनेर,' विभाग प्रमुख डा. झाले भने, 'पानी उत्पादक कम्पनी र वितरक भिन्न-भिन्न हुने भएकाले यसमा कडाइ गरिएको हो । पानी आउने मुख्य नाकामा क्रमिकरूपमा अनुगमन गरिरहेका छौं ।'

अहिले महानगरमा पानी भित्रिने गोदावरी, पेप्सीकोला, चाबहिलगायत नाकामा अनुगमन भइरहेको छ । प्रशोधित पिउने पानी उत्पादन मापदण्ड निर्देशिका, २०७४ अनुरुप अनुगमनलाई कडाइ गरिएको हो । निर्देशिकामा जार कुच्चिएको तथा लेउ लागेको जारमा पानी बोक्न नपाइने उल्लेख छ । अनुगमनका क्रममा त्यस्ता जार भेटिएमा जफत गर्ने गरिएको छ । सम्बन्धित कम्पनीको पानी प्रयोगशालामा लगेर परीक्षण गर्ने गरिएको छ ।

काठमाडौं महानगरमा जति पनि पानी उत्पादक संस्था छन् तिनको स्थलगत अनुगमन गरेर शुद्ध पानी वितरण गर्ने अभियानमा महानगर रहेको डा. झाले बताए । उनले भने, 'अहिलेसम्म सचेतमात्र गराइरहेका छौं । अब कुनै कैफियत देखिए कारबाही गर्छौं ।'

विभागले नेपाल वाटर बोटल उद्योग संघका पदाधिकारीलाई बोलाएर पनि सजग गराएको छ । 'जो उत्पादक हो उसैले वितरण गर्नुपर्छ, यदि उत्पादक नभए अरुलाई जिम्मा दिएको हो भने दुवै संस्थाबीच कागजी सम्झौता हुनुपर्‍यो र जारको पानी बोक्ने गाडीमा सम्बन्धित कागजात बोक्नुपर्‍यो,' डा. झाले भने ।

अहिले जारको पानीमामात्रै अनुगमन गरिएको र निकट भविष्यमा बोतलको पानीको पनि अनुगमन गरिने उनले उल्लेख गरे । काठमाडौं महानगरभित्र अहिले १८० भन्दा बढी पानी उत्पादक कम्पनीले पानी आपूर्ति गर्ने गरेका छन् । काठमाडौंमा जम्मा चार कम्पनी रहेका छन् ।

अनुगमनका क्रममा जफत गरिएका पानीको जार काठमाडौं उपत्यका खानेपानी लिमिटेडमा पठाइएको र त्यसको रिपोर्टका आधारमा पानीमा केही समस्या देखिए महानगरको बजार व्यवस्थापन ऐन, २०७५ बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाइने विभागले जनाएको छ । पानीपछि दूध वितरणलाई नियमन र व्यवस्थापन गर्ने महानगरको योजना छ । अहिले खुलारूपमा बिक्री वितरण भइरहेको दूध व्यवसायीलाई दर्ता प्रक्रियामा लगेर मापदण्ड पुऱ्याएरमात्रै बिक्री वितरणका लागि सचेतना गरिने र गुणस्तर नभए कारबाही गरिने विभागले उल्लेख गरेको छ ।


# सूचना सूचना सूचना

यस **एस. आर. ल्याबोरोटोरिज**बाट उत्पादित निम्नानुसारका औषधिहरुको आर्थिक वर्ष २०८०/२०८१ का लागि **बजार दररेट** तथा बिक्री मूल्य निर्धारण गरी यो दररेट राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ । यदि यी औषधिहरु कुनै संघसंस्था वा नेपाल सरकार अन्तर्गतका कार्यालयले खरिद गर्नुपरेमा यस कम्पनीको आधिकारिक बिक्रेता **श्री राधाकृष्ण फार्मेसी** धनगढी उप-महानगरपालिका, कैलालीबाट खरिद गर्न सक्नुहुनेछ भनी यो सूचना प्रकाशित गरिएको छ ।

**Mobile No. 9848728181**

| S.N. | NAME OF PRODUCT | PACK | MRP/STRIP/ PHILE | SALES RATE |
|---|---|---|---|---|
| 1 | Ranitidine HCI 150MG | 10X25 | 20 | 18.8 |
| 2 | Acyclovir USP 200 mg | 5X10 | 55 | 51.7 |
| 3 | Acyclovir BP 5% W/W IN Cream base | 5gm | 70 | 65.8 |
| 4 | Amitriptyline HCL IP 10mg | 10X20 | 24 | 22.56 |
| 5 | Amitriptyline HCL IP 25mg | 10X20 | 38 | 35.72 |
| 7 | Amoxyvlave 625 mg | 10X10 | 500 | 470 |
| 8 | Amlodipine besylate 10mg | 10X10 | 80 | 75.2 |
| 9 | Amlodipine besylate 2.5mg | 10X10 | 23 | 21.62 |
| 10 | Amlodipine besylate 5 mg | 10X10 | 50 | 47 |
| 11 | Amlodipine besylate 5mg + Atenolol 50mg | 10X10 | 70 | 65.8 |
| 12 | Aspirin 150 mg | 10X10 | 20 | 18.8 |
| 13 | Aspirin 75mg | 10X25 | 12 | 11.28 |
| 14 | Atorvastatin 10mg | 10X10 | 107.8 | 101.332 |
| 15 | Azithromycin 250 mg | 6X5 | 104.7 | 98.418 |
| 16 | Azithromycin 500mg | 3X20 | 90 | 84.6 |
| 17 | Azithromycin 200mg /5ml | 15ml | 75 | 70.5 |
| 18 | Azithromycin 100mg | 15ml | 55 | 51.7 |
| 19 | Betamethasone dipropionate USP 0.64mg & gentamicin 1mg | 20gm | 100 | 94 |
| 20 | Atenolol 50 mg | 10X10 | 30 | 28.2 |
| 21 | B-complex with zine | 10X20 | 40 | 37.6 |
| 22 | B -complex drop | 15ml | 50 | 47 |
| 23 | B -complex syrup with zine | 100ML | 80 | 75.2 |
| 24 | B - complex syrup with zine | 200ML | 130 | 122.2 |
| 25 | Salbutamol 2mg Bromohexine HCI 5mg | 100ML | 70 | 65.8 |
| 26 | Paracetamol IP 125 mg + Ibuprofen IP 100mg /5ml suspension | 60ml | 32 | 30.08 |
| 27 | Ibuprofen 400mg + paracetamol 325mg | 10X25 | 20 | 18.8 |
| 28 | Vitamin - C Chewable tablet | 10X10 | 60 | 56.4 |
| 29 | Chlorpheniramine maleate 4 mg | 10X50 | 12 | 11.28 |
| 30 | Ciprofloxacin HCI 250 mg | 10X10 | 50 | 47 |
| 31 | Ciprofloxacin HCI 500 mg | 10X10 | 80 | 75.2 |
| 32 | Clobetasol proplonate usp -0.05%w/w+gentamycin sulphate 0.1%w/w | 20gm | 110 | 103.4 |
| 33 | Clobetasol propionate usp 0.05%w/w+neomycin sulphate equal to | 10gm | 75 | 70.5 |
| 34 | Clotrimazole 10mg | 15gm | 110 | 103.4 |
| 35 | Clove oil 5ml | 5ml | 35 | 32.9 |
| 36 | Cloxacillin sodium 250mg | 10X10 | 65 | 61.1 |
| 37 | Anticold paracentamol 500mg + Chlorpheairamine maleate 4 mg phenyl propanal amine HCI 10 mg | 10X10 | 100 | 94 |
| 38 | Anticold paracetamol 500mg + Chlorpheairamine maleate 4mg +phenyl paropanolamine HCI 10mg | 10X25 | 30 | 28.2 |
| 39 | Fluconazole 150mg | 1X25 | 24 | 22.56 |
| 40 | Chlorhexidine gluconate | 3gm | 28 | 26.32 |
| 41 | Cotrimoxazole (sulphamethoxazole 800mg + trimethoprim 160mg | 25X10 | 50 | 47 |
| 42 | Cotrimoxazole (sulphamethoxazole 200mg + trimethoprim 40 mg | 60ml | 36 | 33.84 |
| 43 | Cotrimoxazole (sulphamethoxazole 400mg + trimethoprim 80mg | 25X10 | 40 | 37.6 |
| 45 | Clamine Lotation | 30ml | 55 | 51.7 |
| 47 | Diclofenac diethylamine 1% w/w | 30gm | 150 | 141 |
| 48 | Diclofenac sodium 50mg | 10X25 | 30 | 28.2 |
| 49 | Aceclofenac BP100mg | 10X25 | 45 | 42.3 |
| 50 | Folic acid | 25X10 | 15 | 14.1 |
| 51 | Frusemide 40 mg | 10X10 | 10 | 9.4 |
| 52 | Povidone lodine | 450ml | 350 | 329 |
| 53 | Glimepiride 1mg | 10X10 | 53 | 49.82 |
| 54 | Glimepiride 2mg | 10X10 | 86 | 80.84 |
| 55 | Ferrous sulphate IP 200mg eq to elemeatal iron 60mg and follc acid ip 0.04mg | 10X25 | 30 | 28.2 |
| 56 | Folic acid 0.55 mg + iron (III)polymaltose 100mg | 10X3X5 | 80 | 75.2 |
| 57 | Folic acid 0.55 mg + iron (III) polymaltose 60 mg | 150ml | 145 | 136.3 |
| 58 | Hyomide butyl bromide 10mg | 10X10 | 170 | 159.8 |
| 59 | Buprofen 200 mg | 10X25 | 15 | 14.1 |
| 60 | Ibuprofen 400mg | 10X25 | 20 | 18.8 |

| S.N. | NAME OF PRODUCT | PACK | MRP/STRIP/ PHILE | SALES RATE |
|---|---|---|---|---|
| 61 | Ibuprofen 600 mg | 10X25 | 22 | 20.68 |
| 62 | Indomethacin 25mg | 10X10 | 60 | 56.4 |
| 63 | Indomethacin 80mg | 10X10 | 80 | 75.2 |
| 64 | Indomethacin 75mg SR | 10X10 | 170 | 159.8 |
| 66 | Cefixime 200mg | 10X10 | 200 | 188 |
| 68 | Metformin hydrochloride 1000mg | 10X10 | 60 | 56.4 |
| 69 | Metformin hydrochloride 500mg | 10X25 | 20 | 18.8 |
| 70 | Metformin hydrochloride 850 mg | 10X10 | 35 | 32.9 |
| 71 | Metronidazole 200mg | 10X25 | 20 | 18.8 |
| 72 | Metronidazole 400mg | 10X25 | 35 | 32.9 |
| 73 | Metronidazole ip 100mg + dlloxanide Furoate ip 125mg/5ml | 60ml | 55 | 51.7 |
| 74 | Metronidazole 400mg + dllozanide furoate 500mg | 10X25 | 60 | 56.4 |
| 75 | Metronidazole IP 100mg /5ml syrup | 60ml | 60 | 56.4 |
| 76 | Salbutamol 4mg | 10X20 | 20 | 18.8 |
| 77 | Salbutamol 2mg /5ml | 100ml | 55 | 51.7 |
| 78 | Amoxycllln 250 mg + cloxaclllln 250mg | 10X10 | 120 | 112.8 |
| 79 | Amoxyclllln 125mg DT | 10X10 | 35 | 32.9 |
| 80 | Amoxyclllln 250mg | 10X10 | 50 | 47 |
| 81 | Amoxycllln 250mg DT | 10X10 | 50 | 47 |
| 82 | Amoxyclllln 500mg | 10X20 | 80 | 75.2 |
| 83 | Amoxyclllln 100mg | 10ml | 40 | 37.6 |
| 84 | Moxyclllln 125mg DT | 60ml | 85 | 79.9 |
| 85 | Amoxyclllln125mg | 90ml | 125 | 117.5 |
| 86 | Nlmesullde 100mg | 10X25 | 30 | 28.2 |
| 87 | Omeprazole 200mg | 10X20 | 40 | 37.6 |
| 88 | Pantaprazole 40mg | 10X20 | 80 | 75.2 |
| 89 | Paracetamol 125mg | 60ml | 30 | 28.2 |
| 90 | Paracetamol 500mg | 10X50 | 10 | 9.4 |
| 91 | Promethazine HCI IP 25mg | 10X10 | 50 | 47 |
| 92 | Rectified spirit 450ml | 450ml | 300 | 282 |
| 93 | Cetirizine HCL 5mg | 60ml | 70 | 65.8 |
| 94 | Cetirizine HCL 10mg | 10X5X10 | 40 | 37.6 |
| 95 | Rosuvastatin 10 mg tab | 10X10 | 170 | 159.8 |
| 96 | Benzole acid IP 6% w/v + sallculle acid IP 3% w/v | 30gm | 70 | 65.8 |
| 98 | Cetrimide ( IP 0.1% w/v + gamma benzene hexachloride IP 1% w/v | 100ml | 100 | 94 |
| 100 | Silver sulphadizine USP 1%w/w | 25gm | 100 | 94 |
| 101 | Doxycycllne HCI 100mg | 10X10 | 60 | 56.4 |
| 102 | Tranexamic acid 500mg | 10X10 | 240 | 225.6 |
| 103 | Amplcillln trihydrate 250mg + cloxaclllln sodium 250mg | 10X10 | 120 | 112.8 |
| 104 | Calcium carbonate 500mg + vitamin D3 250 IU | 10X25 | 50 | 47 |
| 106 | Albendazole 400mg | 10ml | 18 | 16.92 |
| 107 | Albendazole 400mg (chewable tablet) | 1X50 | 10 | 9.4 |
| 108 | Ofloxacin 200mg | 10X10 | 50 | 47 |
| 109 | Ofloxacin 400mg | 10X10 | 80 | 75.2 |
| 110 | Zine glucomate USP eq. to zine 10 mg tab | 10X25 | 30 | 28.2 |
| 111 | Zine glucomate USPeq. To zine 20 mg tab | 10X25 | 40 | 37.6 |
| 112 | Tinldazole 1000mg | 10X10 | 80 | 75.2 |
| 113 | Tinaldazole 500mg | 10X10 | 50 | 47 |
| 114 | Inj. Ondasteron Hydrochloride 2mg/2ml | 1*1 | 35 | 32.9 |
| 115 | Inj. Hyoscine Butylbromide 20mg/1ml | 1*1 | 33 | 31.02 |
| 116 | inj Metoclopramide 5.0mg/2ml | 1*1 | 18 | 16.92 |
| 117 | inj. Rentidine 25.0mg/2ml | 1*1 | 9 | 8.46 |
| 118 | Inj. Gentamicin 40mg/2ml | 1*1 | 19.8 | 18.612 |
| 119 | Inj. Diclofenac 3ml | 1*1 | 30 | 28.2 |

# संस्कृति प्रवर्द्धनसहितको कूटनीतिमा जोड



**काठमाडौं (प्रस)–** नेपालले अन्य देश तथा अन्तर्राष्ट्रिय नियोगहरूसँगको सम्बन्ध स्थापना एवं विस्तार गर्दा संस्कृति प्रवर्द्धनलाई मुख्य आधार बनाउनुपर्ने धारणा जानकारले राखेका छन् ।

सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद् नेपालले नवनियुक्त राजदूत तथा संयुक्त राष्ट्रसंघका स्थायी प्रतिनिधिको सम्मानमा शनिबार आयोजना गरेको अन्तर्क्रिया, बधाई तथा शुभकामना कार्यक्रमका वक्ताहरूले संस्कृति प्रवर्द्धनसहितको कूटनीति स्थापनामा जोड दिएका हुन् ।

कार्यक्रममा वरिष्ठ संस्कृतिविद् तथा कवि तुलसी दिवसले देशको प्रतिनिधित्व गर्ने राजदूतले औपचारिकमात्र नभई अनौपचारिकरूपमा पनि सम्बन्ध अघि बढाउन सक्नुपर्ने बताए । सांस्कृतिक सचेतना र प्रवर्द्धनमा राजदूतको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ थियो ।

नेपाली भाषा, संस्कृति, रहनसहन, वेशभूषा चिनाउनका लागि परराष्ट्र मन्त्रालयबाटै राजदूतलाई अभिमुखीकरण तथा निर्देशन हुनुपर्नेमा संस्कृतिविद् दिवसले जोड दिए । 'देश भौगोलिक सीमाभित्र हुन्छ । भाषा साहित्य संसारभरि फैलिएको छ । यो जीवन्त भएर बसेको हुन्छ । विदेशमा बस्नेहरूमा आफ्नो भाषा, संस्कृतिप्रति अझ बढी माया र लगाव हुन्छ,' उनले भने, 'नेपालसँगको सम्पर्क टुटेकै कारण कोही पनि आफ्नो संस्कृतिबाट एक्लिन हुँदैन । त्यसलाई जोड्नका लागि विदेशस्थित दूतावासले भूमिका खेल्नुपर्छ ।'

नेपालको संस्कृति प्रवर्द्धनमा राजदूतको क्रियाशीलतामा संस्कृतिविद् दिवसले जोड दिए । नेपालको संस्कृतिलाई विदेशमा चिनाउन राजदूतहरूले साथ दिँदामात्रै पनि ठूलो फड्को मार्ने उनको भनाइ थियो । 'देशको पहिचान देशभित्र मात्रै हुँदैन । भाषा र संस्कृतिले नागरिकको पहिचान दिनुका साथै विदेशमा बस्दा यहाँको संस्कृतिको महत्त्व अझ बढी हुन्छ,' उनले भने, 'यसका लागि राजदूतले सहजीकरण गरिदिनुपर्ने हुन्छ । भाषा र संस्कृतिको प्रयोग गरिएन भने औपचारिकतामात्रै बाँकी रहन्छ, हराउँदै जान्छ ।'

राजदूतहरू सांस्कृतिक कार्यक्रममा सहभागी हुनुपर्ने कवि दिवसको भनाइ छ । आफू नेपाली संस्कृतिको प्रकृतिसँग सम्बन्ध प्रगाढ रहेको उनले बताए । नेपालका लोकगीत, नाचगान, वेशभूषा, रहनसहनको प्रकृतिसँग अन्योन्याश्रित सम्बन्ध रहेको दिवसले बताए ।

सोही कार्यक्रममा त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका प्राध्यापक डा. खगेन्द्र लुइँटेलले विदेशमा नेपाली भाषा र संस्कृति प्रवर्द्धनका लागि राजदूतको भूमिका महत्त्वपूर्ण रहने बताए । संस्कृति र भाषाका माध्यमबाटै नेपाललाई विश्व समुदायमा चिनाउन सकिने उल्लेख गर्दै उनले हामी कमजोर छौं भन्ने मानसिकताबाट मुक्त हुनुपर्नेमा जोड दिए । देशको आफ्नो छुट्टै पहिचानका लागि संस्कृति महत्त्वपूर्ण औजार हुने उनको धारणा थियो ।

थाइल्याण्डका लागि नवनियुक्त नेपाली राजदूत धनबहादुर ओलीले नेपालका असल अभ्यासबारे विश्व समुदायलाई कसरी जानकारी दिन सकिन्छ भन्नेबारे सोच्नुपर्ने बेला आएको बताए । संसारले सहिष्णुता चाहेको र नेपाल सहिष्णु मुलुकका रूपमा पहिचान बनाएकाले विश्व समुदायलाई शान्ति तथा सहिष्णुताको सन्देश दिनसक्ने उनको भनाइ थियो ।

कूटनीतिको 'सफ्ट पावर'का रूपमा भाषा, संस्कृति रहने उल्लेख गर्दै राजदूत ओलीले आधुनिक बसाइँसराइले नेपाली संस्कृतिलाई विस्तार गर्ने अवसर पनि सिर्जना गरेको बताए । नेपाली भाषा तथा संस्कृतिलाई विश्व समुदायसँग जोड्न राजदूतले संयोजन गर्न सक्ने उनले बताए ।

युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्रीले भाषा, संस्कृति, रहनसहन, वेशभूषा नेपालको पहिचान रहेको जनाउँदै यसको पुस्तान्तरण हुन आवश्यक रहेको बताए । विदेशका विश्वविद्यालयमा पढ्ने र पढाउने जनस्रोतलाई परिचालन गरेर संस्कृति प्रवर्द्धन गर्न सकिने उनको भनाइ थियो ।

कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्सालले विदेशमा रहेका नेपाली परिवारले आफ्ना सन्ततिलाई नेपाली भाषा अनिवार्यरूपमा सिकाउन आवश्यक रहेको बताए । सांस्कृतिक प्रवर्द्धनका लागि दूतावास र राजदूतको भूमिका रहनेबारे आफू जानकार रहेको पनि उनले स्पष्ट पारे ।

संयुक्त राष्ट्रसंघीय स्थायी नियोग जेनेभाका लागि नेपालका प्रतिनिधि तथा स्वीटजरल्याण्डका लागि नेपाली राजदूत रामप्रसाद सुवेदीले नेपालमा पर्यटन गतिविधि बढाउनका लागि पनि सांस्कृतिक प्रवर्द्धन आवश्यक रहेको बताए । विश्वभर पहिचानको लडाइँ चलिरहेकाले नेपालले आफ्नो लय बिर्सन नहुने उनको भनाइ छ । त्यस्तै विश्व समुदायमा नेपाली संस्कृति प्रवर्द्धनका लागि आफूले अधिकतम प्रयास गर्ने प्रतिबद्धता जनाए ।

सांस्कृतिक अध्ययन तथा अनुसन्धान परिषद् नेपालका अध्यक्ष बमबहादुर कार्कीले संस्कृति प्रवर्द्धनका लागि कुन क्षेत्रबाट कसरी काम गर्न सकिन्छ भन्ने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको बताए । नेपालको लोकसंस्कृतिलाई स्वदेशमा मात्र नभई विदेशसम्मै प्रवर्द्धन गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

## कांग्रेसको साहित्य...

पृष्ठ १ बाट जारी

**को हुन् बिपी, के छ साहित्यमा उनको योगदान ?**

नेपालका २२औं प्रधानमन्त्री बनेका बिपी नेपाली कांग्रेसका संस्थापक नेता हुन् । नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बिपीले २०१५ देखि २०१७ सम्म नेपालको प्रधानमन्त्रीको कार्यभार सम्हालेका थिए । वि.सं. १९७१ भदौ २४ गते भारतको वनारसमा जन्मेका बिपीको २०३९ साउन ६ गते क्यान्सरबाट निधन भएको थियो ।

बिपीको राजनीतिमा जस्तै साहित्यमा पनि उत्तिकै योगदान रहेको छ । साहित्यमा उनलाई विश्वेश्वरप्रसाद कोइरालाको नामले चिनिन्छ । नेपाली आख्यान र आत्मसंस्मरण विधाबाट चर्चा कमाएका उनका कृतिहरु अहिले पनि बजारमा सर्वाधिक खोजी र पढिने विषय बनेको बताइन्छ ।

'श्वेतभैरवी' र 'दोषी चश्मा' विश्वेश्वरप्रसाद कोइरालाका कथासंग्रह हुन् । 'नरेन्द्र दाइ', 'सुम्निमा', 'बाबु, आमा र छोरा', 'हिटलर र यहुदी', 'तीन घुम्ती', 'मोदि आइन' उनका उपन्यास हुन् । कोइरालाका 'जेल जर्नल', 'आफ्नो कथा' जस्ता संस्मरणात्मक कृति प्रकाशित छन् । दोषी चश्मा धेरैले पढेको कथामा पर्ने साहित्यकारहरु बताउँछन् ।

## कम्तीमा...

पृष्ठ १ बाट जारी

उनकै जति शैक्षिक योग्यता सांसदसमेत रहेका पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको हो । उनले पनि औपचारिकरुपमा स्नातक तहसम्मको अध्ययन पूरा गरेका छन् । उनी एकपटक प्रधानमन्त्री भए ।

उच्च शैक्षिक योग्यता भएका शीर्ष नेतामा एक्ला हुन् कांग्रेस सभापतिसमेत रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा । उनको शैक्षिक योग्यता स्नातकोत्तर तह हो । उनी पाँचपटक प्रधानमन्त्री भइसकेका छन् । उनी प्रजातन्त्रको बहालीपछि राष्ट्रिय राजनीतिमा प्रभावशाली रहँदै आएका छन् । देशको सर्वाधिक सातपटक जनताबाट चुनिएका नेता पनि हुन् देउवा ।

**रवि र राजेन्द्रको योग्यता कति ?**

गत वर्षको आमनिर्वाचनबाट राष्ट्रिय राजनीतिमा उदाएका नवनेता हुन्- रवि लामिछाने । पूर्वसञ्चारकर्मीसमेत रहेका उनको शैक्षिक योग्यता प्रवीणता प्रमाणपत्र तह रहेको छ ।

राष्ट्रिय राजनीतिमा गत आमनिर्वाचनपछि प्रभावशाली बनेका हिन्दूवादी तथा राजावादी नेता राजेन्द्र लिङ्देनले स्नातक तहसम्मको अध्ययन पूरो गरेको उल्लेख छ ।

मधेसको वैकल्पिक शक्तिको रुपमा उदाएको जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त (सिके) राउतको योग्यता भने विद्यावारिधि हो ।


**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : RESTAURANT MOHAMED HAMAD AL SUHAIMAN FOR SERVING MEALS

पुर्व स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 292213 | चलानी नं. ६०२०७४०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 7 | 0 | 1000 | ३५,३९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 14 | 0 | 1200 | ४२,४७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असोज १ गते (18th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

**Overseas Employment (P.) Ltd.**

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com

**मलेसियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : Mega Teamway Sdn. Bhd.

पुर्व स्वीकृति मिति : २०७९/०३/२३ | पुर्व स्वीकृति मिति : २०८०/०५/२३ | LT. No. 266751 | चलानी नं. ६०१८२८२२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४२५८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ ३१ गते (17th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**

Govt. License 902/067/68

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792

Email: khoji.nepal2022@gmail.com


# अपराधमुक्त समाज निर्माण सरकारको प्राथमिकता : उपप्रधानमन्त्री श्रेष्ठ

**काठमाडौं (प्रस)–** उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले अपराधमुक्त समाज निर्माणको अभियानमा सरकार लागेको बताएका छन् ।

'ज्यापु जातिको उत्थान, नेपाल राष्ट्रको निर्माण' भन्ने मुल नारासहित शनिबार काठमाडौंको टुँडिखेलमा आयोजित ज्यापु महागुठीको एकीकृत राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहमा गृहमन्त्री श्रेष्ठले भने, 'समृद्धिका लागि सुशासन, सुशासनका लागि भ्रष्टाचार र अपराधमुक्त समाज, निर्माणको अभियानमा सरकार छ ।'

उनले भ्रष्टाचार गर्नेविरुद्धको कारबाही प्रक्रियाबाट सरकार पछि नहट्ने र दलाल पुँजीको सट्टा राष्ट्रिय पुँजीको प्रवर्द्धन गरिनेसमेत बताए । उनले नेपालको राजनीतिक परिवर्तनमा ज्यापु समुदायको अमूल्य योगदान रहेको बताएका छन् ।

'संघीयता र समावेशीसहित मुलुक यहाँ आइपुग्नुमा ज्यापु समुदायको ठूलो योगदान छ, ०४६ सालको आन्दोलन होस् कि ०६२/६३ को आन्दोलन, ज्यापु समुदायले आफूलाई अग्रणी र निर्णायक सावित गरेको छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने ।

काठमाडौंको आन्दोलनमा आजका ज्यापु महागुठीका अध्यक्ष राजभाइ महर्जनको घरमा बसेर कार्यक्रम बनाइएकोसमेत उनले स्मरण गरे । ज्यापु र हरेक समुदायले चाहेजस्तै व्यवस्थासँगै जनताको जीवनस्तर परिवर्तनको चुनौती बाँकी रहेकाले वर्तमान सरकार समृद्धिको मूल प्राथमिकतासहित अगाडि बढेको उनले बताए ।

सामाजिक विविधताभित्रको एकतामा विग्रह फैलाउने काम हुनसक्नेतर्फ सचेत हुँदै अगाडि बढ्नुपर्ने र ज्यापुजस्तो किसान, श्रमिक र लोक संस्कृतिको संरक्षक समुदायले राष्ट्रको विकासमा अझै प्रभावकारी भूमिका खेल्नुपर्ने उनले बताए ।

# तिंकरमा सशस्त्र प्रहरीको पोस्ट स्थापना




**खलंगा (दार्चुला)–** चीनको स्वशासित क्षेत्र तिब्बत नजिक दार्चुलाको तिंकरमा सशस्त्र प्रहरी बल नेपालको बोर्डर आउट पोस्ट (बिओपी) स्थापना गरिएको छ । व्यास गाउँपालिका-१ तिंकरमा स्थापना गरिएको उक्त पोस्टको शुक्रबार एक कार्यक्रमबीच सशस्त्र प्रहरी बलका अतिरिक्त महानिरीक्षक (एआइजी) वंशीराज दाहाल र दार्चुलाका प्रमुख जिल्ला अधिकारी किरण जोशीले संयुक्तरूपमा उद्घाटन गरे ।

पोस्ट स्थापनाका लागि एआइजी दाहाल र प्रमुख जिल्ला अधिकारी जोशी नेतृत्वको टोली भारतको बाटो हुँदै तिंकर पुगेको थियो । तिंकरको छ्यालेकमा स्थापना गरिएको उक्त पोस्टमा सशस्त्र प्रहरी निरीक्षक जनक पौडेलको नेतृत्वमा २० जनाको टोली सुरक्षार्थ खटिएको सशस्त्र प्रहरी बल नेपाल नं ४४ गण दार्चुलाका सशस्त्र प्रहरी उपरीक्षक डम्बरबहादुर विष्टले जानकारी दिए ।

विशेषगरी चीन सीमानजिक उक्त क्षेत्रबाट सीमामा हुने अपराध नियन्त्रण, लागुऔषध ओसारपसारलगायत गतिविधि नियन्त्रण गर्न तथा सीमा क्षेत्रको निगरानीका लागि पोस्ट स्थापना गरिएको सशस्त्र प्रहरी उपरीक्षक विष्टले बताए । दार्चुलाको उत्तरी क्षेत्र व्यासमा सशस्त्र प्रहरीको एउटा गुल्मसहित चारओटा पोस्ट स्थापना भएका छन् । *रासस*


**Sudurpaschim Province Government**
**Ministry of Land Reform, Agriculture and Cooperative**
**Directorate of Livestock and Fishery Development**

**Invitation for Bids**

**Date of publication : 10 Sep 2023**
**Invitation for Bids No: 01/DOLFD/2080/081**

1. The Directorate of Livestock and Fisheries Development invites **electronic** bids from eligible bidders for the procurement of **Annual Spare-Parts/Consumable and Operation Service for Liquid Nitrogen Plant** under National competitive bidding.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Directorate of Livestock and Fishery Development, Sudurpaschim Province, Dipayal, Doti, Tel: 094-440146 or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
3. A complete *set* of Bidding Documents may be purchased from the office Directorate of Livestock and Fishery Development, Sudurpaschim Province, Dipayal, Doti, Tel: 094-440146 by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000.00 till 10 Oct 2023 during office hours or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank** : Rastriya Banijya Bank

**Name of Office** : Directorate of Livestock and Fishery Development, Sudurpashchim Province, Dipayal, Doti

**Deposit Account no.**: 1000100200010000

**Office Code No**: 3120271017

**Revenue Head No.**: 14229

4. Pre-bid meeting shall be held at Directorate of Livestock and Fishery Development, Sudurpaschim Province, Dipayal, Doti at 01 Oct 2023, 12:00 hr.
5. Electronic bids must be submitted to the office Directorate of Livestock and Fishery Development, Sudurpaschim Province, Dipayal, Doti through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 hr. on 10 Oct 2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 10 Oct 2023, 13:00 hr. at the office of Dipayal, Doti. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. **100,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**For Director**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संघीयता विरोधीको तारोमा कोशी

**मुलुकमा संघीयता लागू भएयता कोशी प्रदेश अस्थिरताको केन्द्र नै बनेको छ । संघीयतापछि सम्पन्न पहिलो निर्वाचनबाट बनेको सरकारले देशभरका छ प्रदेशले नाम पाउँदा पहिलो कार्यकालमा कोशीले नाम पाउन सकेन । बहुमतको सरकार हुँदा पनि त्यतिबेला शेरधन राई नेतृत्वको सरकारले नाम राख्न नसक्नुको कारण हो, पहिचानवादीहरुको असन्तुष्टि । कोशीमा लिम्बूदेखि राईसम्म मिलेर बसेका छन् । मधेसको केही भाग यही प्रदेशमा छ । एमाले र माओवादी मिलेर बनेको नेकपा छिन्नभिन्न भएसँगै मुख्यमन्त्री फेरिए । राजेन्द्र राईको नेतृत्वले पनि प्रदेश १ को नामाकरण गर्न सकेन ।**

**नयाँ निर्वाचनसँगै कोशीमा एमालेकै नेतृत्वमा सरकार बन्यो । हिक्मत कार्की मुख्यमन्त्री बने । उनै कार्की नेतृत्वको सरकारले गत फागुन १७ गते प्रदेशको नाम कोशी राखे । कोशी नामाकरण भएसँगै जातीय संघसंस्थाले विरोध जनाउँदै प्रदर्शन हुँदा पदम लिम्बू 'लाजेहाङ' को निधन भयो । उनको निधनले कोशीको आन्दोलन झनै तातियो । त्यसपछि त गठबन्धन सरकार आफैंले कोशीलाई केन्द्र बनाएर अस्थिरताको राजनीति गरिरहेका छन् । पछिल्लो नौ महिनामा यहाँ चारपटक सरकार फेरबदल भइसकेको छ । दलहरु हरेकपटक असंवैधानिक कदम चालिरहेका छन् । कोशीमा यो क्रममा कार्की दुईपटक र कांग्रेसका उद्धव थापा दुईपटक मुख्यमन्त्री बनिसके । यो क्रममा केन्द्रीय सत्ता गठबन्धनले दुईपटक गैरसंवैधानिक काम गरेको सर्वोच्चको आदेशबाट पुष्टि भइसकेको छ । पहिलोचोटि सभामुख बाबुराम गौतमले संविधान मिचेर हस्ताक्षर गर्दै सरकार निर्माणमा सहभागी भए । माओवादी केन्द्र, जसलाई संघीयताको पक्षधर दलका रुपमा हेरिन्छ । उनै दलबाट सभामुख बनेका गौतम संघीयताको खिल्ली उडाउने गरी यो प्रक्रियामा सहभागी बने । दोस्रोपटक आफूलाई लोकतन्त्रको हिमायती सम्झने दल नेपाली कांग्रेसका सांसद इस्राइल मन्सरीले यो कदम चाले । सभाध्यक्षका रुपमा रहेका उनले विश्वासको मत दिंदा कांग्रेस नेतृत्वको सरकार ढल्यो ।**

**अहिले कोशीमा नामाकरणको मात्र हैन जातीय सद्भाव बिथोल्ने हत्कण्डसमेत हुन थालेको छ । यसको पछिल्लो केन्द्र बन्यो धरान । सुरक्षा निकायले अहिले कोशी प्रदेशमा उच्च सतर्कता बढाउन थालेको छ । कारण यहाँ जुनसुकै बेला जातीय र धार्मिक द्वन्द्व निम्तनसक्ने रिपोर्ट सुरक्षा निकायसँग छ । संघीयताविरोधी तत्त्वले अहिले कोशीमा भित्रभित्रै खेलिरहेको नेताहरुको बुझाइ देखिन्छ । यस्तो बेलामा शीर्ष दलहरु पनि आगोमा घिउ थपेर थप अस्थिर बनाउने काममा उद्दत देखिन्छन् । दलहरुले बेलैमा सोच्नुपर्ने विषय जनता अबुझ छैनन्, आफूले खनेको खाल्डोमा आफैं पर्न सक्ने जोखिमबाट बच्ने हो भने अहिलेबाटै सोचौं र सतर्क बनौं ।**

## मननयोग्य

### चाणक्य नीति

जुनेली रातमा राक्षस र कैकेय, पञ्चनद राजा पुरु गोप्य सल्लाहमा तल्लीन थिए । चारैतिर सैनिक हातमा नांगो तरवार, भाला लिई सतर्क दृष्टिले यताउति घुमिरहेथे चाणक्यका गुप्तचरले यसको झनक थाहा नपाऊन् भनेर ।

आफ्नो कपाल कन्याउँदै राक्षसले पुरुसँग भने- 'महाराज तपाईं विश्वास राख्नोस् यो एक ब्राह्मणको वचन हो । तपाईं बुझ्नुहुन्छ, राक्षस कहिल्यै झूठो बोल्दैन । राक्षसले चाणक्यको जस्तो धोका दिन सक्तैन, मगधविजयपछि कुमार मलय ने मगधको सम्राट हुन्छन् । यो पक्का बुझ्नुहोस् ।'

'मलाई तपाईको कुरामा विश्वास छ, तर सोच्छु कतै पाणस्यलाई यो भेदबारे जानकारी नहोस् ती ब्राह्मण कुनचाहिँ विद्या जान्दछन् हार्ने काम उनीसम्म आइनै पुग्दैन जलातिर उनको दृष्टि पर्छ त्यसको निश्चित सर्वनाश हुन्छ भन्ने मान्छ पुरुसे अनिश्चयस्तो स्थितिमा भने ।

राक्षसले फेरि सान्त्वना दिदै लागे 'मानिसले लक्ष्य प्राप्त गर्न कर्म गर्दछ फल ईश्वरको अधीनमा हुन्छ । उर्लदो भेल आए पनि नदीमा नाउ (ग) चलन हुने डरले पानीमा पौडिन कोही छोड्दैन । जो हारेर चुप लागी वस्तु जितने उसलाई हेरेर होस म द चाणक्यले पाइला पाइलामा मलाई परास्त गरे, तर म फेरि अघिल्लो कामका लागि तयार हुन्छ । अब मेरो लक्ष्य बाली मालिकको हत्याको बदला लिनु छ, त्यो पनि चाणक्यलाई हराएर अब निर्णय हजुरको हातमा छ, चाहे यो प्रस्ताव स्वीकार गर्नोस् वा नगर्नोस् ।'

'होइन-होइन, यो कुरा होइन म चाणक्यसँग डराएं म त खाली सन्देह मात्र व्यक्त गर्दै थिए मलाई तपाईंको प्रस्ताव स्वीकार छ म कुमार मलयलाई तपाईको जिम्मामा सम्पन्न किनकि यो सम्राट्को पुरुको) उत्तराधिकारी पनि ॐ नै हो । आजदेखि कैकेयको मन्त्रीमा तपाई नियुक्त हुनुभयो पुरुले भने ।

राक्षसले आफू मन्त्री नियुक्त भएपछि खुसी हुँदै तपाईंको कृपाका लागि म आभार प्रकट गर्दछु' भनी पुरुलाई भने । यस्तैमा टाढा कतै घोडाको टापको आवाज सुनियो जुन् झन् झन् नजिक हुँदै थियो यो आवाजले दुवैको कुरा समाप्त भयो । क्रमशः

# स्वर्णयुगको अँध्यारो पाटो



**▸▸ चेतन अधिकारी**

खासमा मानव स्रोतको अब्बल उपयोग हुनुपर्ने नेपालमा अहिलेको अवस्था आउनु दुःखद् नै हो । कलकारखाना, उद्योगधन्दा, रोजगारी, गुणस्तरीय शिक्षा, सरल र अब्बल दर्जाको स्वास्थ्य सेवा पाउनुपर्ने समय थियो यो । यदि त्यसो हुन्थ्यो भने नेपालीहरू नेपालमै हुन्थे । विद्यार्थीहरू पढ्न विदेश जानुपर्ने थिएन । सामाजिक सुरक्षालगायतको उचित प्रबन्ध राज्यले गरिदिने हो भने आफ्नो घरपरिवारसँग बसेर रमाइलो साट्थे सबै नेपाली युवाहरूले । तर विडम्बना विश्वले नेपालको जनसांख्यिक सूचक हेर्दा स्वर्ण युगमा देख्छन् तर स्वर्ण युगभित्रको अँध्यारो पाटो कसले देख्ने ?

हिमाल पहाड तराईको संगमस्थल नेपाल । पर्यटकीय दृष्टिकोण संसारकै अब्बलमध्येको एक देश नेपाल । सगरमाथादेखि केचनासम्मको देश नेपाल । यस्तो सुन्दर देशमा बस्ने नेपाली पनि सुन्दर हुने नै भए । त्यसमाथि हाम्रो देशको जनसंख्याको बनावट यतिबेला झन् सुन्दर देखिन्छ । 'कन्ट्री अफ युथ' अर्थात् युवाको देश नेपाल भनिने नेपाल अहिले सुनौलो युगमा छ । तथापि, स्वर्ण युगलाई नेपालले नै उपयोग गरिरहेको छ कि अरु कसैले ? अहिलेको अह प्रश्न हो यो ।

प्राकृतिक स्रोतको सीमितताका कारण मानव स्रोत विश्वको वैकल्पिक सम्पदा हो । नेपाल अहिले त्यस्तै अथाह सम्भावनायुक्त मानव स्रोतको भण्डार बोकेर बसेको छ । तर यो भण्डारलाई हामीले उपयोग गर्न सकेका छौं कि छैनौं ? यो बहसको विषय हो । निश्चय नै मानव स्रोतयुक्त अहिलेको अवस्थालाई नेपालले उपयोग गर्न सकेको छैन । बरु यहाँबाट समृद्धिका हरेक सम्भावना हरेक दिन जेट विमान चढेर विश्वका विभिन्न देशका पुगिरहेका छन् ।

नेपाल जनसांख्यिक हिसाबले इतिहासकै सबैभन्दा उर्वर समयमा छ । जनसंख्यासँग सम्बन्धित विभिन्न सूचकहरुले यस कुरालाई प्रमाणित गरेका छन् । कामगरी काम गरेर खानसक्ने सक्रिय जनसंख्या (१५-५९) वर्ष उमेर समूहका मानिसहरु कूल जनसंख्यामा ६१.९६ प्रतिशत रहेका छन् । नेपालको जनसंख्यिक इतिहासमा सक्रिय जनसंख्या यति धेरै भएको समय पहिलोपटक हो । त्यस्तै १४ वर्षभन्दा मुनिका बालबालिका र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक पनि न्यून भएको समय हो, अहिले । यसको अर्थ नेपालमा काम गर्न सक्ने मानिससँग आश्रित हुने जनसंख्यामा इतिहासमा नै उच्च गिरावट आएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको आश्रित जनसंख्या ३८.०४ प्रतिशत छ । जसमा १४ वर्षभन्दा कम उमेरका बालबालिका २७.८३ र ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक १०.२१ प्रतिशत रहेका छन् । उपरोक्त तथ्यांक हेरेपछि भन्न सकिन्छ नेपाल इतिहासकै उज्यालो युगमा छ । इतिहासकै सम्भावनायुक्त समयमा छ । इतिहासकै आर्थिक सूचक उच्च बनाउने समयमा छ । तर यी सम्भावनामाथि नेपाली आकाशमा केही बादलहरु पनि मडारिएका छन् । तिनको केही विश्लेषण गरौं ।

### स्वर्णयुगको अँध्यारो पाटो

तथ्यांकले नेपालमा युवा जनशक्ति र समृद्धिको अथाह सम्भावना देखिए पनि त्यो समृद्धिको स्रोतको उपभोग विदेशीले गरिरहेको देखाउँछ । नेपालमा भविष्यको सुनिश्चितता नदेखेर, राज्य व्यवस्थाले युवालाई अवसर दिन नसकेर र युवामा आशा सञ्चार गराउन नसकेका कारण नेपाली युवाले देश छोडिरहेका छन् । जनगणनाले २३ प्रतिशत घरका युवा वैदेशिक रोजगारीमा गएको देखाएको छ । आखिर मानिसहरु किन विदेश गइरहेका छन् त ? गायक तेजेन्द्र गन्धर्वको एउटा गीतको टुक्राले मानिस विदेश जानुको कारण स्पष्ट बनाएको छ । यो गीतको टुक्रालाई यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ ।

*हे आमा मीठो खाने राम्रो लाउने आशले...*
*विदेश जान थाले झन्झन् हाम्रा गाउँले ।*
*गाउँबस्ती दिनदिनै खाली हुन थाले...*
*सन्तानको साथ पाउन छाडे आमा बाले ।*

सारंगीको धुनमा युटचुबमा भेटिने यो गीतले जो कोही नेपालीलाई पनि भावुक बनाउँछ नै । आफ्नो गाउँ छोडेर किन कोही वैदेशिक रोजगारीमा जान्छ ? यसको सहज जवाफ छ मीठो खाने, राम्रो लाउने, सन्तानलाई राम्रो शिक्षा दिने आदि चाहनाले मानिसहरु घर परिवार छोडेर वैदेशिक यात्रामा उडिरहेका छन् । अब प्रश्न उठ्छ यदि उनीहरुको मीठो खाने, राम्रो लाउने चाहेको जस्तो शिक्षा पाउने चाहना स्वदेशमै पूरा भए उनीहरु श्रीमती, श्रीमान्, छोराछोरी र बाबुआमा छोडेर विदेश जान्थे होलान् त ? पक्कै पनि जाने थिएनन् । तर हाम्रो राज्य संरचनाले नेपाली युवाका यी साना साना सपना पनि पूरा गर्न सकेन । त्यसैको फलस्वरुप समृद्धिका स्रोतको रुपमा करिब २२ लाख युवा अहिले नेपालबाहिर आफ्नो श्रम र पसिना बगाइरहेका छन् । यो तथ्यांक केबल औपचारिक च्यानलबाट वैदेशिक रोजगारीमा गएकाहरुको हो । अनौपचारिक च्यानल र खुला सिमानाको उपयोग गर्दै भारत र त्यहाँमार्फत विभिन्न देश पुगेका नेपाली युवाहरुको तथ्यांक यहाँ समावेश छैन ।

नेपालको युवा जनसंख्यामध्ये अर्को एउटा समूह छ, जो उच्च शिक्षाका नाममा नेपाली रुपैयाँसहित विदेशका विश्वविद्यालयमा पढ्ने बहानामा दैनिकरुपमा जेट विमानको यात्रा गरिरहेको छ । कक्षा १२ सकेर उच्च शिक्षाका नाममा विदेशका विश्वविद्यालयमा अग्रिम शुल्क बुझाएर विदेशिएका अधिकांश विद्यार्थी स्वदेश नफर्कने मात्र होइन, उनीहरुसँग ठूलो मात्रामा नेपाली रुपैयाँ पनि डलर बनेर विदेशिरहेको छ । नेपालमा गुणस्तरीय शिक्षा र त्यसपछिको रोजगारीको अभावलाई कारण मान्दै विदेशिएको यो किशोर समूह देशका लागि झन् घातकसिद्ध भएको छ । किनकि वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका नेपाली युवाहरु स्वदेश फर्कने सम्भावना पनि उत्तिकै हुन्छ भने उनीहरुले पठाएको रेमिटचान्स केही वर्षयता परिवारमात्र होइन, देशको अर्थतन्त्रको बलियो टेको पनि भएको छ । तर अध्ययनका नाममा विदेसिएकाहरुले आफूसँगै नेपालको अर्थतन्त्र पनि लिएर गएका छन् ।

माथिको तालिकामा नेपालबाट विदेशिएका नेपालीहरुको तथ्यांक उल्लेख गरिएको छ । उमेर समूहकै आधारमा विभाजन नगरिएको भए पनि यिनीहरु अधिकांश वैदेशिक रोजगारीमा गएका १८ देखि ५० वर्ष उमेर समूहका मानिस हुन् भन्ने कुराको अनुमान लगाउन खास गाह्रो छैन । अहिले २१ लाख ९० हजार ५९२ जना नेपाली वैदेशिक रोजगारीमा छन् । त्यसमध्ये पुरुषको संख्या १७ लाख ९९ हजार ६७५ र महिलाको संख्या तीन लाख ९० हजार ९१७ जना रहेको छ । यसरी विदेश जानेमध्ये सहरी क्षेत्रको संख्या उल्लेख्य छ । नेपालको नगरपालिका अर्थात् सहरी क्षेत्रका बासिन्दामध्ये १४ लाख ६८ हजार १७ जना वैदेशिक रोजगारीमा गएका छन् ।

नफर्किने गरी रोजीरोजी विश्वका सम्भ्रान्त देशतर्फ लम्किएका छन् । त्यता जान नसक्ने युवा र वयस्कहरु खाडीका देशमा पसिना र श्रम बेच्न जानुपर्ने बाध्यतामा छन् । खुला सिमानाको प्रयोग गरेर भारतमा रोजगारी गर्न जानेहरुको त हिसाबै छैन ।

घट्दो जन्मदर, घट्दो मृत्युदर बढ्दो शैक्षिक र आर्थिक अवस्था, बढ्दो औसत आयु आदि कारणले नेपाल जनसांख्यिक लाभको सुनौलो समयमा छ । तर यो सुनौलो समयलाई नेपालले उपभोग गर्न नसक्नु यसको अँध्यारो पक्ष हो । जनसंख्याको यही पलायनता निरन्तरता हुँदै जाने हो भने कुनै बेला नेपालमा 'डेमोग्राफिक क्राइसिस' पो आउने हो कि भन्ने चिन्ता पनि व्याप्त छ । किनकि बच्चा जन्माउने दर जन्मदर प्रतिमहिला दुईभन्दा कम भएको छ । मानिसले विवाहप्रतिको चाहनालाई पछि सार्दै ढिलो विवाहको संस्कार विकसित भइरहेको छ । हिमाल र पहाडका ३४ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक छ । एक दशकअघि २७ जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक थियो । यसपटक थप सातवटा जिल्लाले जनसंख्या गुमाए ।

खासमा मानव स्रोतको अब्बल उपयोग हुनुपर्ने नेपालमा अहिलेको अवस्था आउनु दुःखद् नै हो । कलकारखाना, उद्योगधन्दा, रोजगारी, गुणस्तरीय शिक्षा, सरल र अब्बल दर्जाको स्वास्थ्य सेवा पाउनुपर्ने समय थियो यो । यदि त्यसो हुन्थ्यो भने नेपालीहरु नेपालमै हुन्थे । विद्यार्थीहरु पढ्न विदेश जानुपर्ने थिएन । सामाजिक सुरक्षालगायतको उचित प्रबन्ध राज्यले गरिदिने हो भने आफ्नो घरपरिवारसँग बसेर रमाइलो साट्थे सबै नेपाली युवाहरुले । तर विडम्बना विश्वले नेपालको जनसांख्यिक सूचक हेर्दा स्वर्ण युगमा देख्छन् तर स्वर्ण युगभित्रको अँध्यारो पाटो कसले देख्ने ? नेपाली श्रमिकले पठाएको रेमिटचान्सको धिपधिपे उज्यालोबाहेक स्वर्णयुगमा गर्व गर्न लायक कुरा नेपालले पाएको छैन । जन्मदरको घट्दो ग्राफ र विदेश जानेको लम्बिँदो रेखा देख्दा लाग्छ नेपाल कुनै 'डि पपुलेटेड' देशका रुपमा दर्ज हुने पो हो कि । सायद नेपालको यस्तै परिदृष्यलाई देखेर होला कवि अर्जुन पराजुलीले केही दिनअघि सामाजिक सञ्जालमा यस्तो कविता लेखेका थिए

*केही वर्षपछि मेरो देशमा*
*सटर हुनेछन्, पसल हुने छैनन्*
*जमिन हुनेछ, फसल हुने छैनन्*
*अस्पताल हुनेछन्, नर्स हुने छैनन्*
*बिरामी हुनेछन्, डाक्टर हुने छैनन् ।*

*(रासस)*

### कुन प्रदेशबाट कति युवा विदेशमा ?

| प्रदेश | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| कोशी | ३,४३,०३४ | २,८६,६३१ | ५६,४०४ |
| मधेस | ३०,४२,६८६ | २,९२,४२७ | ११,८५९ |
| बागमती | ३,९७,९३० | २,८०,१२० | १,१७,८१० |
| गण्डकी | २,८६,५९३ | २,३९,७८८ | ४६,८०५ |
| लुम्बिनी | ४,२०,९०६ | ३६,७६७० | ५३,२३६ |
| कर्णाली | ९४,३२० | ७७,२७८ | १७,०४२ |
| सुदूरपश्चिम | ३,४३,५२३ | २,५५,७६१ | ८७,७६२ |
| जम्मा | २१,९०,५९२ | १७,९९,६७५ | ३,९०,९१७ |

स्रोत : राष्ट्रिय जनगणना २०७८

गाउँपालिका अर्थात् ग्रामीण क्षेत्रबाट सात लाख २२ हजार ७५ जना वैदेशिक रोजगारीमा छन् ।

भौगोलिक हिसाबले हेर्दा सबैभन्दा ठूलो संख्याको जनसंख्या तराईले ओगटेजस्तै सबैभन्दा ठूलो संख्यामा विदेश जानेहरु तराई क्षेत्रबाट नै छन् । तराईबाट १० लाख ८३ हजार ८०९ जना वैदेशिक रोजगारीमा गएका छन् । पहाडी क्षेत्रबाट नौ लाख ९० हजार ७२३ जना विदेशमा छन् । हिमाली क्षेत्रबाट एक लाख १६ हजार ६० जना वैदेशिक रोजगारीका लागि गाउँ छोडेको देखिन्छ ।

वैदेशिक रोजगारीपछि अर्को एउटा दुःखलाग्दो दृश्य हामीले देखिरहेका छौं । हरेक दिन साँझ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट 'उज्ज्वल भविष्यको कामना' गर्दै किशोर उमेरमा हजारौं नानीबाबुहरुलाई विदेश पठाइरहेका छौं । विदेशमा उज्ज्वल भविष्यको कामना गर्ने हामीहरु स्वदेशमै त्यो भविष्य खोज्न कतै चुकिरहेका छौं कि भन्ने लागेको छ । गत जेठमा कक्षा १२ को परीक्षा सकिएपछि एक संस्थाले ती परीक्षार्थीमा गरेको सर्वेक्षणअनुसार १२ कक्षाको परीक्षा दिएका करिब पाँच लाख विद्यार्थीमध्ये ८८ प्रतिशतले आफूले विदेश जान चाहेको बताएका थिए । देशको भविष्य आफ्नो काँधमा बोक्नुपर्ने नवयुवा

## पत्र-मञ्जुषा

# सहकारीपीडितलाई सरकारले फेरि भ्रममा पाऱ्यो

अहिले प्रहरी चौकी, स्थानीय तह तथा सहकारी विभागमा भीड देखिन्छ । अधिकांश बचतकर्ता सहकारीमा डुबेको आफ्नो रकम फिर्ता पाइन्छ कि भनेर यी ठाउँ धाइरहेका छन् । आफ्नै पैसाका कारण बचतकर्ताहरुले दुःख, हैरानी भोग्नुपरिरहेको छ । मुलुकभर सञ्चालित सहकारीमध्ये ९५ प्रतिशत सहकारी डुबिसकेका छन् ।

यी सहकारी संस्था बचतकर्ताको रकम फिर्ता गर्न नसक्ने अवस्थामा पुगेका छन् । काठमाडौंको माइतीघर मण्डलमा सहकारीपीडितहरुले ६१ दिन आन्दोलन गरे । गत साउन १८ गते सरकारले सहकारीपीडितसँग सातबुँदे सहमति गऱ्यो । पीडितहरु खुसी हुँदै आ-आफ्नो घर फर्किए ।

आफूहरुको डुबेको रकम सरकारले फिर्ता गर्ने भनेर उनीहरु मख्ख परे । गृहमन्त्री नारायणकाजी श्रेष्ठले माइतीघर मण्डलमै भनेका थिए, 'सहकारीमा बचतकर्ताहरुले सरकारसँग सोधेर रकम राखेको हो र । अहिले आएर डुबेपछि सरकारसँग पैसा माग्न । हिजो ब्याजको लोभमा पैसा राख्ने अनि डुबेपछि आन्दोलन गर्ने ?'

अहिले सहकारीपीडित बचतकर्ता महासंघ सघर्ष समितिले आफूहरुलाई माइतीघर मण्डलबाट उठाउनका लागिमात्र सरकारले सात बुँदे सहमति गरेको कुरा थाहा पाइसकेको छ । आफूहरुको रकम फिर्ता नआउने महसुस उनीहरुले गर्न थालिसकेका छन् । आमनागरिकले ब्याजको प्रलोभनमा परेर बूढेसकालमा काम लाग्छ भनेर सहकारीमा लाखदेखि करोड रुपैयाँसम्म बचत गरे ।

कतिपयले त आफ्नो पुर्ख्यौली सम्पत्ति बेचेरसमेत सहकारीमा रकम जम्मा गरे । अहिले सहकारी विभागका रजिस्ट्रार नवराज घिमिरेले सहकारीमा फसेको बचतकर्ताको रकम सरकारले फिर्ता नगर्ने स्पष्ट पारिसकेका छन् । सहकारीका सञ्चालकहरुको सम्पत्ति रोक्का गरी त्यही बेचेर बचतकर्ताको रकम फिर्ता गरिने तर सरकारले बचतकर्ताको रकम फिर्ता नगर्ने उनले भनिसकेका छन् ।

आफू चर्चामा आउनका लागि केही राजनीतिक दलको सदस्यता लिएका व्यक्तिहरु समेत सहकारीपीडितसँग माइतीघर मण्डलमा अनसन बसे । यसरी अनसन बसेपछि आन्दोलनमा जनसमुदायको सहभागिता बढाउन उनीहरुले सहकारीमा डुबेको आफूहरुले रकम सरकारले फिर्ता गर्नुपर्ने माग राख्न थाले ।

यता, सहकारीपीडितहरुले पनि आफ्नो रकम सरकारले फिर्ता गर्दैन भनेर बुझ्न सकेन । यति कुरा पनि नबुझेपछि बचतकर्ताहरु सहकारीमा डुबेको आफूहरुको रकम सरकारले फिर्ता गर्छ भन्दै सडकमा उत्रिए । लाखौं बचतकर्ताहरु सडकमा उत्रिएपछि सरकारले आन्दोलन स्थगित गराउनका लागि सातबुँदे सहमति गऱ्यो ।

सहमतिमा एक महिनाभित्रै सहकारीपीडितहरुको समस्या समाधान हुने उल्लेख छ । तर, अहिले दुई महिना हुन लाग्दासमेत सहकारीपीडितहरुको समस्या समाधान भएको छैन । बचतकर्ताहरुले आफ्नो रकम फिर्ता पाएका छैनन् त सरकार पनि केही पहल गरिरहेको छैन ।

अहिले राष्ट्रिय सहकारी महासंघ सहकारी संस्थाहरुले बचतकर्ताको १० खर्ब रकम फिर्ता गर्न बाँकी रहेको बताउँछ । तर, सहकारीपीडितहरु भने २३ खर्ब रकम फिर्ता गर्न बाँकी रहेको बताउँछन् । अनि कसको कुरा पत्याउने ? सहकारी विभागका अनुसार मुलुकभर ३५ हजारभन्दा बढी सहकारी दर्तामा छन् ।

तर, तीमध्ये कति सहकारीको दर्ता खारेज भए ? कति भागे ? कति डुबे ? र कति डुब्ने अवस्थामा छन् वा बचतकर्ताको रकम फिर्ता गरेका छैनन् ? यसको विवरण विभागसँग छैन । अहिले बूढादेखि भुरासम्मको रकम सहकारीमा डुबेको छ । आमाबुबाले बालबच्चा खाजा खान दिएको रकम र सरकारले ज्येष्ठ नागरिकलाई दिएको भत्ता सहकारले नै खाइदिएको छ ।

सहकारीले नेतादेखि सरकारी कर्मचारी, सञ्चारकर्मी, व्यापारी सबैलाई ठगेको छ । यसरी सहकारी जनता ठग्न सफल हुनुमा मानिसहरु ब्याजको प्रलोभनमा पर्नु हो । ब्याज आउने लोभमा भएको घरजग्गासमेत बेचेर मानिसहरुले सहकारीमा रकम जम्मा गरे । अहिले उनीहरु घर न घाटको भएका छन् । विचल्लीमा परेका छन् । करोडौं जनताको खर्बौं रकम सहकारीले हाँसीहाँसी पचाइदिएको छ ।

सरकारले बचतकर्ताहरुलाई सहकारीमा डुबेको उनीहरुको रकम सरकारले फिर्ता नगर्ने स्पष्ट पार्नुपर्छ । सहकारी भागेपछि नै अहिले बजारमा घरजग्गा, गाडी र सेयरको कारोबारमा मन्दी छाएको छ । दुई दशकअघि आनाको एक लाख पर्ने जग्गा सहकारीले ८० लाख पुऱ्याएको थियो ।

अहिले पनि राजनीतिक पार्टीको झोला बोक्ने र आफ्नो संगठनको कार्यक्रम भएको ठाउँमा गएर ताली बजाउने काममात्र जनताबाट भइरहेको छ । अब जनतामा चेतना आउन जरुरी छ । नेताहरुको झूठा आश्वासन र कुरामा जनता फस्नु हुँदैन । अब जनता पार्टीको कार्यकर्ता नबनी देशको नागरिक बन्न आवश्यक छ । अनिमात्र देश विकास छ । यस्ता राजनीतिक दलका नेताहरुको शासन अन्त्य हुन्छ ।

*– रुषा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘प्रतिबद्धताअनुसार को साढे १२ खर्ब लगानी प्राप्त हुनेमा विश्वस्त छौं’



**सुशील भट्ट**
**सिइओ, लगानी बोर्ड**

*लगानी बोर्डले शुक्रबार आफ्नो १२औं वार्षिकोत्सव मनाएको छ । लगानी बोर्ड ऐन, २०६८ को व्यवस्थाअनुसार गठित यो संयन्त्रले मुख्यगरी पूर्वाधार निर्माणका क्षेत्रमा सार्वजनिक-निजी साझेदारी अवधारणा (पिपिपी मोडल) को लगानी परिचालन र त्यसको व्यवस्थापनको काम गर्दै आएको छ । स्वदेशी तथा विदेशी र निजी क्षेत्रको लगानी भित्र्याउने, परिचालन गर्ने सहजकर्ताको भूमिका पनि लगानी बोर्डको हो । त्यस्तै, लगानी नीति तर्जुमा, लगानीका क्षेत्र पहिचान, लगानी स्वीकृति, परियोजना कार्यान्वयन, कार्यप्रगति अनुगमनलगायतका काम यो निकायले गरिरहेको छ । 'आर्थिक रूपान्तरणका लागि साझेदारी' भन्ने मुख्य अभिप्राय साथ स्थापित लगानी बोर्डको कार्यालयले पछिल्लो १२ वर्षमा हासिल गरेका उपलब्धि, भोगेका चुनौती, अहिलेको अवस्था र भावी रणनीतिलगायत विषयमा बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टसँग राससका समाचारदाता हेमन्त जोशीले गरेको कुराकानीः*

**लगानी बोर्ड स्थापना भएको १२ वर्ष भयो । बोर्ड स्थापना गर्दा राखेका लक्ष्य, उद्देश्यअनुरूप काम भएको छ कि छैन ? यो अवधिलाई कसरी समीक्षा गर्नुहुन्छ ?**

मुलुकको आर्थिक, सामाजिक रूपान्तरणका लागि ठूला पूर्वाधार र उत्पादन परियोजनामा सार्वजनिक-निजी साझेदारी अवधारणामा लगानी आकर्षित गर्ने अभिप्रायले लगानी बोर्डको स्थापना भएको हो । विकासको लक्ष्य परिपूर्ति गर्न अरु देशले थालेका असल अभ्यास हेरेर हामीकहाँ पनि यस्तो निकायको आवश्यकता बोध भएको बुझ्न सकिन्छ । स्वदेशी तथा विदेशी निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्दै विकास आवश्यकता पूरा गर्न परियोजना विकासका सबै चरणमा जोडिने गरी लगानी बोर्डले जिम्मेवारी पाएको छ । सुरुआतमा लगानी बोर्ड ऐन, २०६८ बाट स्थापित बोर्डलाई समयानुकूल सुदृढ पार्दै लैजाने अभिप्रायले सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ र सार्वजनिक-निजी साझेदारी तथा लगानी नियमावली, २०७७ जारी गरियो । उक्त ऐनले लगानी बोर्ड ऐनलाई प्रतिस्थापन गर्यो । पछिल्लो कानुनी व्यवस्थाले लगानी बोर्डलाई मुख्यगरी लगानी प्रवर्द्धन गर्ने र सार्वजनिक-निजी साझेदारी अवधारणामा परियोजना कार्यान्वयन गर्ने निकायका रूपमा जिम्मेवारी दिएको छ ।

सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐनले बोर्डलाई छ अर्ब रुपैयाँभन्दा माथिको लगानी भएका गैरऊर्जा परियोजना र २०० मेगावाटभन्दा बढी उत्पादन क्षमता भएका ऊर्जा परियोजनाहरूको लगानी स्वीकृति साथै कार्यान्वयनमा सहजीकरण गर्ने अधिकार दिएको छ । यस्ता परियोजना विकासका सम्पूर्ण चक्रको व्यवस्थापन बोर्डले गर्छ । लगानीका क्षेत्रको प्राथमिकता निर्धारण गर्ने, आयोजना छनोट गर्ने, ती आयोजनामा प्रतिस्पर्धा गराउन प्रस्ताव आह्वान गर्ने, त्यसको मूल्यांकन तथा छनोट र सम्झौतालगायतका काम पर्दछन् ।

विकास परियोजनाका विभिन्न चरणहरू हुन्छन् । अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, मूल्यांकन, लगानी स्वीकृति र सम्झौता गर्ने काम लगानी बोर्डले गर्छ । सम्झौता गरिसकेपछि निर्माणोन्मुख विकासकर्ता कम्पनी वा लगानीकर्ता आवश्यक सहजीकरण गर्दै सम्पूर्ण परियोजना चक्रमा हामीले सहयोग गर्छौं । सम्झौताअनुसार परियोजना निर्माण भए-नभएको अनुगमनको काम पनि बोर्डको जिम्मेवारीभित्र पर्दछ । त्यस्तै, लगानी नीति तर्जुमा, लगानीका सर्त निर्धारण, विभिन्न तालुखवाला निकायसँगको समन्वय तथा सहजीकरणका लागि बोर्ड रहेको छ ।

स्थापनाको १२ वर्ष अवधिमा लगानी बोर्डले ऊर्जा क्षेत्रका २८ र गैरऊर्जा क्षेत्रका १४ परियोजनामा गरी कूल ४२ परियोजनाका लागि १२ खर्ब ५० अर्ब रुपैयाँ बराबरको लगानी स्वीकृत गरेको छ । हालसम्म बोर्डमार्फत पाँच खर्ब २५ अर्ब रुपैयाँ बराबरको लगानी परिचालन भएको छ । यस अवधिमा करिब चार हजार मेगावाट उत्पादन क्षमताका जलविद्युत् परियोजना परिणाममुखी कार्यान्वयन ढाँचामा प्रवेश गरेका छन् ।

बोर्डले नेपाललाई आकर्षक लगानी गन्तव्यको रूपमा प्रवर्द्धन गर्नुका साथै लगानीकर्ताको विश्वास र उत्साह बढाउने काम गरेको छ । यो अवधिमा लगानी प्रवर्द्धन, सार्वजनिक-निजी साझेदारी र निजी प्रत्यक्ष लगानीका परियोजना विकास, व्यवस्थापन र सहजीकरण, सार्वजनिक-निजी साझेदारीसम्बन्धी ज्ञान र दक्षता विकास एवं विभिन्न व्यावसायिक संस्थासँगको सञ्जाल निर्माणका हिसाबले अथाह कामहरू भएका छन् । सबै ‘ पर्फेक्ट’ छ भन्ने दाबी हामीले गरिरहेका छैनौं । तर, यो संस्थाले आमरूपमा आशा जगाउनेगरी काम गरेको छ । आगामी दिनमा यसलाई नयाँ उचाइ दिन र थप उल्लेख्य कार्यसम्पादन गराउनका लागि सबै पक्षको सहयोग आवश्यक छ ।

**लगानी बोर्डको कार्यालयले अहिले के काम गरिरहेको छ ? बोर्डमार्फत अघि बढ्ने भनिएका आयोजना अहिले कस्तो अवस्थामा छन् ?**

यस संस्थाले तीन वटा परियोजना विकास सम्झौता (पिडिए) सम्पन्न गरेको छ । दुईवटा सिमेन्ट परियोजनाको परियोजना लगानी सम्झौता (पिआइए) भएको छ । राष्ट्रिय गौरवको आयोजनासहित चार हजार मेगावाट उत्पादन क्षमताका ऊर्जा परियोजना परिणाममुखी कार्यान्वयन ढाँचामा आबद्ध भइसकेका छन् । अपर मर्स्याङ्दी २, चीन-नेपाल मैत्री औद्योगिक पार्क, डाबर नेपालको पुनःलगानीमा उत्पादन क्षमता विस्तार तथा विविधीकरण परियोजना, भेहिकल एसेम्बलिङ प्लान्टलगायतका परियोजनाहरू कार्यान्वयनमा जाने क्रममा छन् । रासायनिक मल कारखाना स्थापना गर्नका लागि दुईवटा कम्पनीले सम्भाव्यता अध्ययन गरिरहेका छन् । कुन प्रविधिमा आधारित र कस्तो आर्थिक अवधारणामा मल कारखाना बनाउन सकिन्छ भन्ने अध्ययनपछि हामी थप प्रक्रिया अघि बढाउँछौं ।

मुक्तिनाथ केबलकारलगायत अरू धेरै परियोजना विकास चक्रको विभिन्न चरणमा रहेका छन् । संस्थागत संरचना र यसका अवयवको सञ्चालन कार्यविधि, आर्थिक कार्यविधि, क्षमता विकाससँगै बोर्ड सार्वजनिक-निजी साझेदारीसम्बन्धी विशिष्टता केन्द्रका रूपमा विकास हुने क्रममा छ । संस्थागत क्षमता विकास अहिले हामीले गर्नुपर्ने अर्को महत्त्वपूर्ण काम हो । लगानी बोर्डको कार्यालयमार्फत परियोजना विकास व्यवस्थापन, लगानी प्रवर्द्धनसँगै संस्थागत विकास, समन्वय, सहकार्य र साझेदारीका काम पनि अघि बढिरहेको छ । लगानी बोर्डको कार्यालयको छुट्टै कोष स्थापना गर्ने, आर्थिक प्रशासन विनियमावली निर्माण गर्नेलगायतका काम बोर्डले गरिरहेको छ । जनशक्ति व्यवस्थापनका लागि संगठन तथा तथा व्यवस्थापन सर्भेक्षणका लागि पनि तयारी भइरहेको छ । सार्वजनिक-निजी साझेदारीसँगसँगै ठूला परियोजनामा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) भित्र्याउने जिम्मेवारी पनि लगानी बोर्डको हो । तर लक्षित एफडिआई आउन सकेको देखिँदैन ।

**वैदेशिक लगानी ल्याउन लगानी बोर्डले कस्ता समस्या भोगिरहेको छ ?**

प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने सवालमा सबैभन्दा पहिला त मुलुकमा लगानीको वातावरण नै मुख्य कुरा हो । लगानी भित्र्याउने दौडमा हामी मात्र होइन, अरु धेरै मुलुकहरू छन् । लगानीकर्ताले ढिलासुस्ती, झन्झट व्यहोर्न नपरोस् भनेर ‘सेन्ट्रल फास्ट ट्र्याकिङ एजेन्सी’को रूपमा यो संस्था रहेको छ । विदेशी लगानीलाई स्वागत गर्ने भनिसकेपछि लगानी बोर्डमार्फत सरकारमा विभिन्न निकायमा पठाइएका कामहरू छिटो छरितो ढंगले हुनुपर्छ । हामी ३० भन्दा बढी निकायसँग काम गर्छौं । ती सबै निकायले सोही मर्मअनुसार काम गर्नुपर्छ । संघीय संरचनामा परियोजना कार्यान्वयनमा समन्वय गर्नुपर्ने निकायहरू अझै धेरै छन् । वडादेखि प्रदेशसम्म समन्वय गर्नुपर्छ । लगानी बोर्डका निर्णयलाई नियमित गर्न एवं सहजीकरण र समन्वयका लागि लगानी बोर्डको कार्यालयमा निकै सानो संरचना राखिएको छ । सहजीकरण र समन्वयकारी भूमिकामा रहेकाले नै यसलाई एउटा छरितो संस्थाका रूपमा विकास गरियो । तसर्थ लगानी बोर्डको सचिवालयबाटै सबै परियोजना कार्यान्वयनमा भूमिका खोज्न सकिँदैन । परियोजना विकासका क्रममा जोडिने सरकारका सम्बन्धित निकायहरूले सहजीकरण गर्नुपर्छ ।

लगानी ल्याउने सवालमा हामीले कति चुस्त ढंगले लगानीकर्तालाई परियोजना कार्यान्वयन तालिकाअनुसार कार्यसम्पादन हुने वातावरण निर्माण गर्न सक्छौं भन्ने महत्त्वपूर्ण हो । विकासकर्ता वा लगानीकर्ताको विश्वास आर्जन गर्न सक्यौं भने त्यसले विदेशी लगानी आकर्षण गर्न धेरै हदसम्म भूमिका खेल्छ । लगानीका लागि नेपालमा विश्वसनीयताको वातावरण महत्त्वपूर्ण हुन्छ र लगानी बोर्डले ठूला परियोजना सहजीकरण र कार्यान्वयनमार्फत विश्वसनीयता आर्जन गरिरहेको पनि छ । अर्थतन्त्रको दिगो र उच्च विस्तारका लागि आवश्यक लगानीका लागि हामी तयार छौं भन्ने सन्देश पनि दिइसकेका छौं ।

ठूला परियोजना निर्माणका लागि परियोजना व्यवस्थापन उत्तिकै महत्त्वपूर्ण हुन्छ । विकासको फल आजै खान पाइँदैन, यसका लागि समय लाग्छ । त्यो फल प्राप्त गर्नका लागि एकीकृतरूपमा सबै निकाय अघि बढ्नु आवश्यक हुन्छ । एकीकृत रूपमा परियोजना पहिचान, निर्माण, व्यवस्थापन र सहजीकरण गर्न सकियो भने लगानीका लागि विश्वसनीय वातावरण बन्छ । तत्काल फाइदाभन्दा पनि दीर्घकालमा प्राप्त हुने लाभलाई हृदयंगम गरी परियोजनाको विकास गर्नु आवश्यक हुन्छ । परियोजनासँगै देशभित्रै धेरै क्षमता र दक्षताको विकास हुन्छ भन्ने बुझाइलाई व्यापकता दिनसकेमा परियोजना कार्यान्वयनमा धेरै सहजीकरण हुने आशा गर्न सकिन्छ ।

**एफडिआई ल्याउने र पिपिपी मोडलमा परियोजना विकास गर्ने मुख्य काम लगानी बोर्डले गर्दै आएको भन्नुभयो । तर यी दुवै कामको उपलब्धि अपेक्षाकृत देखिन्न । पछिल्लो १२ वर्षमा लगानी बोर्डमार्फत अघि बढेका निकै कम आयोजनामात्रै निर्माण सम्पन्न भए किन होला ?**

विश्वसनीय अध्ययन भएका परियोजनामा लगानी गर्न इच्छुक गम्भीर, दक्ष र राम्रा लगानीकर्ताबाट प्राप्त भएका आसयका आधारमा आएको लगानी प्रतिबद्धता प्राप्त हुनेमा हामी विश्वस्त छौं । उहाँहरूले बोर्डसँग एक तहको आबद्धता कायम गर्नुभएको छ । परियोजना हेरेर आवश्यक पूर्वतयारीका साथ आह्वान गरिएका वा आह्वान नगरी प्रत्यक्ष वार्ताद्वारा अघि बढाइएका दुवै खालका परियोजनाका आशयलाई प्रतिबद्धताका रूपमा लिइनुपर्छ । चार हजार मेगावाट उत्पादन क्षमताका जलविद्युत् परियोजनामा लगानी गर्नेगरी प्रतिबद्धता आएको छ । त्यो प्रतिबद्धता प्राप्त हुनेमा बोर्ड विश्वस्त छ । गैरऊर्जा क्षेत्रका विभिन्न परियोजनामा पनि हामीले लगानीको प्रतिबद्धता पाएका छौं । ती परियोजनामा लगानी आउनेमा पनि आशावादी छौं ।

परियोजना विकासका विभिन्न चरणहरू हुन्छन् । अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, मूल्यांकन, लगानी स्वीकृति र सम्झौता चरणपछि परियोजना कार्यान्वयनमा जान्छ । विश्वसनीय, गम्भीर र काबिल लगानीकर्ताहरू आउन् र प्रतिबद्धताअनुसारकै लगानी परिचालन साकार होस् भनेर हामीले अहिले विस्तृत परियोजना प्रतिवेदन मूल्यांकन पछि मात्र लगानी स्वीकृत गर्न थालेका छौं । लगानी बोर्डको कार्यालय स्थापना हुँदै गर्दा अरुण तेस्रो र माथिल्लो कर्णाली जलविद्युत् आयोजना अगाडि बढाउने जिम्मेवारी आएको थियो । अरुण तेस्रो आयोजना अहिले निर्माणमा चरणमा रहेर ६५ प्रतिशत भौतिक प्रगति भइसकेको छ । माथिल्लो कर्णाली जलविद्युत् पनि नतिजाउन्मुख छ । अरु थुप्रै परियोजना थपिएका छन् ।

**नेपालमा व्यवसायको लागत (कस्ट अफ डुइङ बिजनेस) बढी भयो र लगानीअनुसार प्रतिफल पाउन गाह्रो भएकाले लगानी आउन नसकेको भन्ने सुनिन्छ । “कस्ट अफ फन्ड” घटाउन बोर्डमार्फत के-कस्ता काम भएका छन् ?**

हाम्रो पूर्वाधार क्षेत्रमा प्रचुर सम्भावना बोकेको क्षेत्र जलविद्युत् नै हो । जलविद्युत् सँगसँगै अन्य क्षेत्रका परियोजना पनि लगानी बोर्डले अघि बढाएको छ । तुलनात्मकरूपमा जलविद्युत्का परियोजनाको धेरै भार देखिनुको कारण पनि बजारको सुनिश्चितता नै हो । वित्तीय व्यवस्थापनको पाटो बजारसँग अन्योन्याश्रित हुन्छ । ठूला वैदेशिक लगानी परियोजनाले बजार पनि सुनिश्चित गरेका छन् । बजार महत्त्वपूर्ण पक्ष पनि हो । ऊर्जा निर्यातमा केन्द्रित परियोजना सहजीकरण एवं व्यवस्थापनको हाम्रो अनुभवका आधारमा हामीले त्यसअनुसारका विकासकर्ता खोजिरहेका गरेका पनि छौं । मूलभूत कुरा निजी क्षेत्रको जे जति संलग्नता जलविद्युत् विकासमा भएको छ त्यसको आधारभूत कारण भनेकै बजारको सुनिश्चितता हो । खरिदकर्तासँगको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) आफैंमा ‘ ब्यांकेबल डकुमेण्ट’ हो । जहाँसम्म हामीले जलाशययुक्त परियोजनाको चर्चा गरिरहेका छौं, ती पुँजी सघन छन् र तिनको हकमा बहुराष्ट्रिय लगानीकर्ताहरू जस्तै विकास लगानी संस्थाहरू, ग्रीन क्लाइमेट फण्डजस्ता स्रोतबाट सहुलियतपूर्ण लगानीमार्फत लगानी अपूगलाई सम्भव तुल्याउन वित्तीय उपकरणसम्बन्धी अध्ययन र गृहकार्य आवश्यक देखिन्छ । त्यस्ता परियोजनाको प्रस्ताव गर्ने प्रस्तावकर्ताहरूसँग प्राविधिक र वित्तीय रूपमा परियोजना बनाउन सक्ने तथा वित्तीय जोखिम व्यस्थापन एवं त्यसको लागि स्वपुँजी परिचालन गर्न सक्ने हैसियत हुनुपर्छ । त्यस्तै ऋण तिर्न सक्ने क्षमता हुनुपर्छ । वास्तविक, दक्ष र काविल लगानीकर्ताहरू भित्र्याउन सकिएमा यसले ऊर्जा क्षेत्रमा धेरै लगानी बढाउने सम्भावना रहन्छ । यसका लागि विद्युत् खरिदको सुनिश्चितता खरिदकर्ता अर्थात् नेपाल विद्युत् प्राधिकरणले दिन सक्नुपर्छ ।

लगानी भनेपछि स्वपुँजी मात्रै हुँदैन, त्यसमा ठूलो मात्रामा स्वदेशी एवं विदेशी ऋणपुँजी पनि परिचालन हुन्छ । यसकारण स्वपुँजी लगानी गर्ने लगानीकर्तासँगसँगै बैंक तथा वित्तीय संस्थाहरूको क्षमता पनि जोडिन्छ । ऊर्जा परियोजनाहरू पुँजी र श्रम सघन हुने भएकोले क्षमता र दक्षता पनि उत्तिकै चाहिन्छ । विदेशी लगानीका ठूला परियोजनाहरूमा नेपालका वित्तीय संस्थाहरूको ऋण लगानी हुने कि नहुने भन्ने बहस पनि व्याप्त छ । तर नेपालका वित्तीय संस्थाहरूको ऋण लगानी सांकेतिकमात्र भयो भने पनि त्यसले हाम्रा बैंक तथा वित्तीय संस्थाको पनि लगानी व्यवस्थापन क्षमता विकास गर्न मद्दत गर्छ । विदेशी बैंकले नेपालको बैंक तथा वित्तीय संस्थाको नजरबाट परियोजनाको विश्लेषण गर्छन् । ठूला परियोजनाबारे स्वदेशी बैंकमा पनि अनुभव भयो भने वैदेशिक लगानी भित्र्याउन सहज वातावरण बन्न सक्दैन ।

परियोजनाको वित्तीय सम्भाव्यताका लागि जलवायु वित्तलगायतका उपकरणहरूबाट निजी क्षेत्रलेसमेत ऋण लिनसक्ने नयाँ व्यवस्थाहरू आइरहेका छन् । त्यस्तै, वित्तीय संस्थाहरूले यसप्रकारका बाह्य ऋणका लागि स्वीकृति लिएको अवस्था छ । आन्तरिकमात्र होइन, वैदेशिक तथा स्वदेशी लगानीको सम्मिश्रण पनि लगानीका नयाँ स्रोत हुन सक्छन् ।

**लगानी प्रतिबद्धताअनुसार प्राप्ति हुन नसक्नु एउटा समस्या रहेको छ भने निर्माण चरणमा प्रवेश गरिसकेका परियोजनामा विभिन्न कारणले ढिलासुस्ती हुने गरेको छ । आयोजना निर्माणका क्रममा आइपर्ने विभिन्न व्यावधान र समस्याले लगानीको समग्र आकर्षणमा कत्तिको प्रभाव पर्छ ?**

बोर्डले सरकारको प्रतिनिधित्व गर्दै स्वदेशी तथा विदेशी निजी लगानीकर्तासँग पिडिए गर्छ । पिडिए आफैंमा बृहत् विषय हो र सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन हुने परियोजना सरकारमाथि पनि धेरै किसिमका दायित्व सिर्जना गर्ने खालका हुन्छन् । लगानी आकर्षणका लागि ‘फास्ट ट्र्याक’ निकाय र सहजीकरणका लागि समन्वय निकायका रूपमा काम गर्ने हो । पूर्वाधार परियोजना कार्यान्वयनसँग गाँसिने बहुआयमिक विषयहरूमा सम्बन्धित सबै निकायले समान स्तर (इक्वेल फुटिङ) मा काम गर्नुपर्छ । वन, भूमि सुधार, सडक, नेपाल राष्ट्र बैंक, राजस्व कार्यालयलगायतका विभिन्न निकाय जोडिन्छन् । विदेशी कामदारको प्रवेशाज्ञा, आप्रवासन, स्वदेश फिर्ता, लगानी भित्र्याउने क्रममा नेपाल राष्ट्र बैंक, निर्माण सामग्रीलगायत आयातमा भन्सार विभाग, खानी सञ्चालन गर्नुपर्ने उद्योगको हकमा पहुँच सडक तथा विद्युतीकरणका लागि सडक विभाग तथा नेपाल विद्युत् प्राधिकरण र यस्ता धेरै परियोजना कार्यान्वयनका क्रममा आइपर्ने धेरै निकायसँग समन्वय गर्नुपर्ने हुन्छ । हामी संघीय संरचनामा गइसकेपछि हाम्रो समन्वय केन्द्र सरकारमा मात्र सीमित छैन ।

परियोजना कार्यान्वयन क्षेत्र अर्थात् फिल्डमा स्थानीय प्रशासन, स्थानीय तह र सम्बन्धित प्रदेश सरकार तथा निर्वाचित जनप्रतिनिधिहरू समेतको उत्तिकै महत्त्वपूर्ण भूमिका रहेको छ । पिडिएले निर्दिष्ट गरेका सरकारका तर्फबाट गर्नुपर्ने सहजीकरणका सन्दर्भमा परियोजना कार्यान्वयन कार्ययोजनामा सबै निकायको भूमिका र कार्य सम्पन्न गर्नुपर्ने अवधि समयबद्ध किटान गरिएको हुन्छ । प्रभावकारी समन्वयको अभावमा तोकिएको अवधिमा स्वीकृत लगानी परिचालन नहुनेमात्र होइन सरकारलाई रोयल्टी तथा राजस्वलगायत पूर्वाधार विकासले आर्थिक गतिविधिमा दिने तीव्रता सबै पक्षमा मुलुकले घाटा व्यहोर्ने साथै करारअनुसार विकासकर्तालाई क्षतिपूर्तिसमेत भरण गर्नुपर्ने अवस्था हुनसक्छ । जसले केही पक्षहरूले निर्माण गरिरहेको भाष्यजस्तो लगानी प्रतिबद्धता र प्राप्तिबीचको खाडल उच्च हुने मात्र नभई लगानी गन्तव्यको रूपमा मुलुकको छविमाथि आँच आउने खतरासमेत रहन्छ ।

प्रभाव दैनिक

आइतबार, २४ भदौ २०८० (Sunday, September 10, 2023)

रूपशाला

## भेनिसमा 'द रेड सुटकेस' प्रिमियर

फिल्म 'द रेड सुटकेस' भेनिस इन्टरनेसनल फिल्म फेस्टिभलमा प्रिमियर भएको छ। फेष्टिभलको दोस्रो ठूलो विधा होरोजान्टेमा प्रतिस्पर्धामा रहेको फिल्म १३ सय क्षमताको साला डेरसेना हलमा हाउसफुल दर्शकबीच प्रिमियर भएको हो। प्रिमियरमा नेपालबाट फिल्मका निर्माता रामकृष्ण पोखरेल र शोभा पोखरेल, छायाँकार सुशन प्रजापति, कलाकार सौगात मल्ल, विपिन कार्की, सृष्टि श्रेष्ठ लगायत सहभागी थिए। प्रिमियरअघि फिल्मका निर्देशक, निर्माता र कलाकार फोटोकलमा सहभागी भएका थिए भने फोटोकलपछि निर्देशक फिडेल देवकोटा र सृष्टि श्रेष्ठले भेनिसको अफिसियल च्यानलहरू टिभी, रेडियो र पत्रपत्रिकामा अन्तर्वार्ता दिएका थिए।




# 'हार्न नसक्ने मान्छे म' लोकार्पण




■ प्रभाव संवाददाता

**मकवानपुर–** मकवानपुरे कवि गणेशकुमार तिमल्सिनाद्वारा लिखित कविता तथा गजल संग्रह 'हार्न नसक्ने मान्छे म' को लोकार्पण गरिएको छ। हेटौंडा-११ डाङ्डुङ्गेस्थित मामाघर नेपालमा कार्यक्रमको आयोजना गरी मामाघर नेपालमा बस्दै आएका पाँचजना भान्जाहरूले पुस्तकको संयुक्त रूपमा विमोचन गरेका हुन्।

पुस्तकको विषयमा बोल्दै पुस्तकका सम्पादक समेत रहेका कवि निमेष निखिलले तिमल्सिनाका कविता र गजलहरू उत्कृष्ट रहेको बताए। जीवन भोगाइका सुखदुखात्मक अवस्था र अनुभूतिको अभिव्यक्ति नै तिमल्सिनाको कविताको मूल भाव रहेको उनले बताए।

प्रतिकूल समयसँग पौँठेजोरी खेल्ने हिम्मत र बाटो बिराएको राजनीतिले सही बाटो पहिल्याउनु पर्छ भन्ने सन्देश उनको कविता तथा गजलमा समेटिएको उनको भनाइ थियो।

कार्यक्रममा बोल्दै कवि आरसी रिजालले तिमल्सिनाको कविता तथा गजलहरूले वर्तमान मानिसहरूको भावनालाई बोलेको बताए। लामो समयदेखि विभिन्न पत्रपत्रिकामा आफ्ना रचनाहरू प्रकाशन गर्दै आइरहेका तिमल्सिनाले कृति प्रकाशन मार्फत समाजमा भएको समसामयिक विषयलाई उजागर गर्न खोजेको उनको भनाई थियो।

कार्यक्रममा बोल्दै अनलाइन मिडिया एसोसियसन (ओमान) का अध्यक्ष धर्मेन्द्र दाहालले तिमल्सिनाको कविता तथा गजल संग्रहले मकवानपुरे साहित्यमा थप योगदान दिएको बताए। उनले कविता तथा गजल मार्फत समाजमा व्याप्त असन्तोष, राजनीतिक खिचातानीलाई व्यङ्ग्य गर्न खोजेको दाहालको भनाइ थियो।

कार्यक्रममा बोल्दै कृतिकार तिमल्सिनाले आफूले लामो समयबाट साहित्यको क्षेत्रलाई नियालेको, विभिन्न समाचार माध्यममार्फत आफ्ना कविता, गजलसहितका साहित्यिक विचारहरूलाई प्रस्तुत गर्ने गरेको बताए।

'हार्न नसक्ने मान्छे म' आफ्नो पहिलो पुस्तक भएको भन्दै उनले आगामी दिनमा अन्य साहित्य कृतिको तयारी गरेको बताए। कार्यक्रम मामाघर नेपालका सञ्चालक अर्पण पराजुलीको अध्यक्षतामा भएको हो।

# दिलमाया खातीलाई गोपाल योञ्जन स्मृति सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** संगीतकार गोपाल योञ्जनको ८० औं स्मृति दिवसको अवसरमा गायिका दिलमाया खातीलाई सम्मान गरिएको छ।

गोपाल योञ्जन प्रतिष्ठाद्वारा दार्जिलिङस्थित मिरिकमा एक कार्यक्रम आयोजना गर्दै ८५ वर्षिया खातीलाई १ लाख ६० हजार रूपैयाँसहित गोपाल योञ्जन स्मृति स्रष्टा सम्मान प्रदान गरिएको हो।

'विछोडको पीडा नसकी खप्न दशैंको बेलामा, खोलाको दुई किनार, सम्हाल पछ्यौरी, सम्झे है बुझे है यो मेरो जोवन' लगायत थुप्रै नेपाली गीत गाएकी खातीको योगदानलाई कदर गर्दै सम्मान गरिएको प्रतिष्ठानका अध्यक्ष तथा संगीतका मित्र लामाले बताए।




कार्यक्रममा नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान वल, दार्जिलिङ क्षेत्रिय प्रशासन संस्कृति विभाग प्रमुख अनोज थापा, गीतकार जस योञ्जन प्यासीलगायतले प्रतिष्ठानद्वारा प्रकाशित स्मारिका 'गोपालाञ्जली' लोकार्पण गरेका थिए।

स्मारिकामा संगीतकार गोपाल योञ्जनले नेपाली आधुनिक गीत-संगीतमा पुऱ्याएको योगदानलाई समेटिएको छ।

गोपाल योञ्जनको २०५४ सालमा निधन भएको थियो।

# 'जवान' दोस्रो दिनमा नै १०० करोडको क्लबमा

**मुम्बई (एजेन्सी) –** शाहरुख खानको जवान कस्तो छ ? जवानको बक्स अफिस कलेक्शन कस्तो छ ? के जवान हिट हो ? जवानले १०० करोड रुपैयाँ कहिले पार गर्नेछ ? शाहरुख खानको 'जवान' रिलिज भएपछि यस्ता प्रश्नहरु धेरै सुनिन थालेका छन्।

यद्यपि किङ खानले पनि फ्यानको यी प्रश्नको उत्तर दिदै बक्स अफिसमा पहिलो दुई दिनमै १०० करोडको क्लबमा सामेल भएको छ। यति मात्र होइन, पहिलो दिनको तुलनामा फिल्मको कमाई भने कम छ। तर शाहरुख खानको फिल्मले विश्वभर राम्रो कलेक्सन गरेको छ,



त्यसपछि फिल्मले पहिलो साताको अन्त्यमा कति कमाई गर्छ त्यो हेर्नु रोचक हुनेछ। बक्स अफिस ट्र्याकर सचनिल्कको प्रारम्भिक तथ्याङ्क अनुसार जवानले दोस्रो दिन ५३ करोड भारु कमाएको छ, त्यसपछि भारतमा फिल्मको कलेक्सन १२७.५० करोड भारतीय रुपैयाँ बराबर पुगेको छ। ५३ करोड मध्ये ४७ करोड हिन्दी भाषाको छ। तर, यो आंकडा पनि ५० करोड भारतीय रुपैयाँ हुनसक्ने अनुमान छ।

कमाईको कुरा गर्ने हो भने जवानले पहिलो दिन ७४.५ करोड भारतीय रूपैयाँ कमाएको थियो, जसमध्ये फिल्मले हिन्दीमा ६५.५ करोड, तमिलमा ५.३ करोड र तेलुगुमा ३.७ करोड कमाएको थियो। यो कमाईसँगै बलिउड फिल्म उद्योगमा अहिलेसम्मकै सबैभन्दा धेरै कमाउने पहिलो हिन्दी फिल्मसमेत बनेको छ।

शाहरुख खानको जवानमा नयनतारा, विजय सेतुपति, सान्या मल्होत्रा, प्रियामणी, योगी बाबु, सुनील ग्रोवर र रिद्धि डोगरा महत्वपूर्ण भूमिकामा छन्। जहाँ दीपिका पादुकोण र सञ्जय दत्तको जबरदस्त क्यामियो देखिएका छन्।

## रंगशाला

# एन्फाको विशेष साधारणसभा आज, इतर पक्षले बहिस्कार गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** अखिल नेपाल फुटबल संघ (एन्फा)को विशेष साधारण सभा बैठक आज (आईतबार) बस्दैछ। भर्चुअल रुपमा आयोजना गर्ने तयारी गरिएको विशेष साधारण सभा मध्यान्न साढे १२ सुरु हुने तालिका रहेको छ।

आर्थिक वर्ष २०७९-८० को लेखा परिक्षक नियुक्तिलाई अनुमोदन गराउन विशेष साधारण सभा आयोजना हुन लागेको हो। एन्फाले कार्यसमिति बैठकबाट पुरानै लेखा परिक्षकलाई नियुक्त गरेर विशेष साधारण सभाबाट अनुमोदन गराउन लागेको हो।




लेखा परिक्षक सम्बन्धि निर्णयको अधिकार एन्फा कार्यसमितिले खोसेको भन्दै जिल्ला तथा क्लबहरुले असन्तुष्टि जनाएका छन्। उनीहरुले खुल्ला रुपमा सुचना जारी गरेर नियुक्तीका लागि प्रस्ताव साधारण सभामा लैजानुपर्नेमा एन्फाभित्रको आर्थिक हिनामिनालाई ढाकछोप गर्न बिना प्रतिस्पर्धा लेखा परिक्षक नियुक्ति गर्न लागिएको भन्दै विरोधमा उत्रिएका छन्।

एन्फाको विशेष साधारण सभा इतर पक्षले बहिष्कार गर्ने भएको छ। पूर्व अध्यक्ष कर्माछिरिङ शेर्पा पक्षले बैठक वहिष्कार गर्ने सार्वजनीक रुपमा घोषणा गरेको छ। भर्चुअल रुपमा विशेष साधारण सभा बैठक आह्वान गरेर अवैधानिक ढङ्गबाट लेखा परिक्षक नियुक्त गर्न खोजेको इतर पक्षको आरोप छ।

विशेष साधारण सभा बैठक वहिष्कार गर्ने र विशेष साधारण सभा सञ्चालनको प्रकृया अघि बढेको खण्डमा अविश्वासको प्रस्ताव अघि बढाउने इतर पक्षको आन्तरिक तयारी छ। सोही अनुसार विभिन्न जिल्लाबाट प्रतिनिधिलाई भौतिक रुपमा राजधानी उपस्थित गराएर इतर पक्षले एन्फा नेतृत्वमाथि दबाब बढाएको छ।

# एसिया कप खेलेर फर्केका गुल्शनलाई गृहनगरमा स्वागत

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** राष्ट्रिय नेपाली क्रिकेट टीमका खेलाडी गुल्शन झालाई जनकपुरधाममा स्वागत गरिएको छ। इन्डियासँग एसिया कप खेलेर गृह जिल्ला फर्केका झालाई जनकपुरधाममा स्वागत गरिएको हो। जनकपुर क्रिकेट एकेडेमीका खेलाडीहरुले उनलाई स्वागत गरेको मधेस प्रदेश क्रिकेट एसोसिएसनका क्याप्टेन हरिशंकर साहले जानकारी दिए।

उनका अनुसार काठमाडौँबाट जनकपुरधाम हुँदै सर्लाही आफ्नो घर जाने क्रममा उनलाई एकेडेमीका खेलाडीहरुले स्वागत गरेका हुन्। गुल्सनसँग भेट्दा खेलाडीहरुको खेलप्रतिको हौसला बढेको क्याप्टन साहले बताए।



एसीसी प्रिमियर लिगमा उत्कृष्ट खेलेका झाले एसिया कपमा पनि राम्रो खेल खेलेका थिए।

# नेयमारले तोडे पेलेको कीर्तिमान



**बेलेम (एजेन्सी)–** नेयरमाले पेलेलाई उछिन्दै ब्राजिलको राष्ट्रिय टोलीका लागि सर्वाधिक गोल गर्ने खेलाडी बनेका छन्। विश्वकप छनोट अन्तरगत बोलिभियाविरुद्ध ५-१ को जीत हासिल गर्ने क्रममा दुई गोल गर्ने नेयमारले यो कीर्तिमान बनाएका हुन्।

अल-हिलालका फरवार्डले १२४ खेलमा ७९ गोल गरेका छन्। पेलेले सन् १९५७ देखि १९७१ को बीचमा ७७ गोल गरेका थिए। देशका लागि फुटबलमा सर्वाधिक गोल गर्ने कीर्तिमान भने महिला फुटबल टोलीकी मार्ताको नाममा छ। उनले १७१ खेलमा ११५ गोल गरेकी छन्।

खेलको २४ औँ मा रियल मड्रिडका फरवार्ड रोड्रिगोले ब्राजिललाई अग्रता दिलाएका थिए। दोस्रो हाफको सुरुवातमा नै राफिनाले टोलीको अग्रता दोब्बर बनाए।

५३ औँ मिनेटमा रोड्रिगोले अर्को गोल थपे। लगत्तै नेयमारले खेलमा आफ्नो पहिलो गोल गरे। ७८ औँ मिनेटमा भिक्टर अब्रेगोले बोलिभियाका लागि एक गोल फर्काएका थिए। तर खेलको इन्जुरी समयमा नेयमारले दोस्रो गोल गर्दै ब्राजिललाई शानदार जीत दिलाए।

पेलेको गत डिसेम्बर २९ मा ८२ को वर्षको उमेरमा निधन भइसकेको छ। पेले फाउन्डेसनले उनको कीर्तिमान भंग गरेकोमा नेयमारलाई बधाई दिएको छ।

# श्रीकृष्ण कप: पिपलडाँडालाई उपाधि

■ प्रभाव संवाददाता

**सिन्धुपाल्चोक–** पहिलो संस्करणको श्रीकृष्ण कप सेभेन 'ए' साइड नकआउट फुटबल प्रतियोगिताको उपाधि चौतारा साँगाचोकगढी नगरपालिका वडा नम्बर ६ पिपललडाँडाले जितेको छ।

चौतारा फुटबल क्लबको आयोजनामा शुक्रबार सम्पन्न भएको फाइनल खेलमा पिपलडाँडाले माहाङकाल भुमि तामाङ समाजलाई ३-१ गोल अन्तरले हराउँदै उपाधि जितेको हो।

पिपलडाँडालाई उपाधि दिलाउन युवराज ढकालले दुई र श्रीकृष्ण लामाले एक गोल गरे। यता माहाङकालको लागि नविन तामाङले पेनाल्टीमा एक सान्त्वना गोल गरे। पहिलो हाफमै ३-० गोलले पछि परेको माहाङकालले खेलमा फर्कन निकै संघर्ष गरे पनि सफल हुन सकेन। उपाधि सँगै पिपल्डाँडाले नगद ५५ हजार र उपविजेता माहाङकालले नगद २५ हजारमा चित्त बुझायो।

त्यसअघि पहिलो सेमिफाइनलमा माहाङकालले सुकेटेलाई ३-० गोलले हराउँदै फाइनलमा पुगेको थियो भने पिपल्डाँडाले धार्पा युवा क्लबलाई ३-२ गोल अन्तरले हराउँदै फाइनल यात्रा तय गरेको थियो।

प्रतियोगिताको उत्कृष्ट खेलाडी डिफेन्स महाङकालका रोमन श्रेष्ठ घोषित भए। उत्कृष्ट गोलरक्षक पिपल्डाँडाका नवीन शिल्वाल, उत्कृष्ट मिडफिल्डर महाङकालका राम ढकाल, सर्वाधिक गोल कर्ता महाङकालकै नविन तामाङ, उनले प्रतियोगिता भर ५ गोल गरेका थिए। यस्तै पिपल्डाँडाका युवराज ढकाल प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित भए। यी सबै बिधाका खेलाडीले ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरे। यता प्रतियोगिताको प्यर प्लेयको उपाधि लिल्फुङ घले समाजले हात पाऱ्यो।

प्रतियोगिताको समापन समारोह चौतारा साँगाचोकगढी नगरपालिकाका उपप्रमुख सीता थापाले विजेता तथा उपविजेता सबै खेलाडीलाई ट्रफी मेलड र प्रमाणपत्र वितरण गरे।



**भूकम्पपछिको त्रास** | मोरक्कोको ओआरजाजेटमा भूकम्पपछि खुला ठाउँमा आश्रय लिइरहेका नागरिकहरू । *तस्विर: सिन्हवा*

# अफ्रिकी संघलाई जी-२० को स्थायी सदस्यता

**नयाँदिल्ली-** युरोपेली संघसहित १९ वटा विशाल अर्थतन्त्र भएका राष्ट्रको अन्तरसरकारी संगठन जी-२० मा नयाँ सदस्य थपिएको छ । समूहको स्थायी सदस्यका रुपमा अफ्रिकी संघ थपिएको हो ।

जी-२० का अध्यक्ष एवं भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले समूहको शिखर सम्मेलनमा स्वागत मन्तव्य व्यक्त गर्दै अफ्रिकी संघको प्रतिनिधित्व गरिरहेका संघका अध्यक्ष अजाली असुमानीलाई जी-२० को स्थायी सदस्यका रूपमा समूहका नेताहरूसँगै आसन ग्रहण गर्न आग्रह गरे । 'सबैको स्वीकृतिमा अफ्रिकी संघका प्रमुखलाई जी-२० को स्थायी सदस्यको रूपमा आफ्नो स्थानमा बस्न अनुरोध गर्दछु,' प्रधानमन्त्री मोदीले आफ्नो स्वागत मन्तव्यका क्रममा भने ।





प्रधानमन्त्री मोदीको अनुरोधसँगै विदेशमन्त्री एस जयशंकरले युनियन अफ कोमोरोसका अध्यक्ष एवं अफ्रिकी संघका अध्यक्ष असुमानीलाई विश्व नेताहरूका स्थानमा लिएर गए । जी-२० को सदस्यका रूपमा अफ्रिकी संघलाई समावेश गर्नु भारतको उद्देश्य थियो जुन शनिबार पूरा भएको छ । प्रधानमन्त्री मोदीले नै अफ्रिकी संघलाई समूहमा ल्याउन प्रस्ताव गरेका थिए ।

'हामीले जी-२० को कारबाही सुरु गर्नुअघि म मोरक्कोमा भूकम्पका कारण ज्यान गुमाएकाहरूप्रति समूहका तर्फबाट श्रद्धाञ्जलि व्यक्त गर्न चाहन्छु, घाइते सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै शोकाकूल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । यस कठिन घडीमा मोरक्कोलाई हरसम्भव सहयोग गर्न भारत तयार छ,' प्रधानमन्त्री मोदीले स्वागत मन्तव्य व्यक्त गर्दै भने ।

प्रधानमन्त्री मोदीले गत जुनमा जी-२० का आफ्ना समकक्षीहरूलाई पत्र लेखेर नयाँदिल्ली शिखर सम्मेलनमा अफ्रिकी संघलाई पूर्ण सदस्यता प्रदान गर्न अनुरोध गरेका थिए । सन् २००२ मा सुरु भएको अफ्रिकी महादेशका ५५ देशको समूह अफ्रिकी संघलाई संघमा आबद्ध देशहरूको अनुरोधमा पूर्ण सदस्यता दिन प्रधानमन्त्री मोदीले प्रस्ताव गरेका थिए । *रासस⁄एएनआइ*

## मोरक्को भूकम्प:

# आठ सयभन्दा बढीको मृत्यु, २५० जनाको अवस्था गम्भीर



**मराकेस (मोरक्को)-** मोरक्कोमा भएको शक्तिशाली भूकम्पमा परी हालसम्म ८२० जनाको मृत्यु भएको छ भने ६७२ जना घाइते भएका छन् । गृह मन्त्रालयका अनुसार घाइतेमध्ये २०५ जनाको अवस्था गम्भीर छ ।

भूकम्पमा ज्यान गुमाउने र घाइते हुने आधाभन्दा बढी अल-हौज र ताराउदान्ट प्रान्तका रहेका बताउँदै उक्त मन्त्रालयले मराकेस, अगादिर, कासाब्लांका, और्जाजाटे, चिचौवा, अजिलाल र युसुफिया पनि अधिक प्रभावित भएका जनाएको छ ।

शुक्रबार राति ११:११ बजे भएको ६.८ म्याग्निच्युडको भूकम्पबाट भयभीत मोरक्कोली मध्यरातमा घर छोडेर भागेका थिए । अहिले पनि अधिकांश घरबाहिर त्रिपाल टाँगेर बसिरहेका छन् ।

शक्तिशाली भूकम्पपछि साना-साना धेरै धक्का शनिबार पनि महसुस गरिएको मोरक्कका सञ्चार माध्यमले बताएका छन् । शुक्रबारको भूकम्प देशमा अहिलेसम्मकै सबैभन्दा शक्तिशाली भएको उनीहरूले समाचारमा उल्लेख गरेका छन् । भयानक भूकम्प गएको ३३ वर्षीय अब्देलहक एल अमरानीले बताएका छन् । उनले बच्चाहरू रोइरहेको आवाज सुनेका तथा किंकर्तव्यविभूढ अभिभावकहरूलाई देखेको बताएका छन् । दश मिनेटसम्म बिजुली टेलिफोन सेवा बन्द भए पनि पछि सेवा सञ्चालन भएको उनले बताए ।

सरकारी अधिकारीहरूका अनुसार देशको एक तिहाइ भूभाग भूकम्पबाट प्रभावित भएकाले ज्यान गुमाउने र घाइते हुनेको संख्या अझै बढ्नसक्ने अनुमान गरिएको छ । भूकम्पले नराम्ररी प्रभावित पर्वतीय क्षेत्रमा रहेका दुर्गम गाउँसम्म निकै कठिनाइ भएको छ । पुराना भवन भएका ती गाउँमा अकल्पनीय विनास भएको अनुमान गरिएको छ । ती स्थानमा उद्धारकर्ताहरू पुग्न केही दिन लाग्नसक्छ । मराकेस, कासाब्लांकालगायत सहरी क्षेत्रका मानिसले सडकमा रात बिताएका छन् । क्षति एवं हताहतीको विस्तृत विवरण प्राप्त भएको छैन ।

यसैबीच, विश्वका विभिन्न मुलुकका नेताहरूले मोरक्को सरकारप्रति सहानुभूति प्रकट गर्दै सकेको सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । जी-२० शिखर सम्मेलनमा भाग लिने सिलसिलामा भारतको राजधानी नयाँदिल्लीमा रहेका बेलायतका प्रधानमन्त्री ऋषि सुनकले मोरक्कोलाई आफ्नो देशले हरसंभव सहयोग गर्ने बताएका छन् ।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी तथा टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले मोरक्कोलाई सहयोग गर्ने प्रस्ताव गरेका छन् भने फ्रान्सेली विदेशमन्त्री क्याथरिन कोलोनाले पनि मोरक्कोका भूकम्पपीडित जनता र त्यहाँको सरकारप्रति ऐक्यबद्धता प्रकट गरेका छन् ।

स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजले मोरक्कोमा भएको 'भयंकर' भूकम्पमा परी ८०० भन्दा बढीको ज्यान गएको खबरले आफू मर्माहत भएको बताउँदै शोक प्रकट गरेका छन् । उनले यथाशीघ्र स्पेनी उद्धार टोली मोरक्को पठाउने बताएका छन् । मोयुक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले पनि मोरक्कोलीप्रति ऐक्यबद्धता व्यक्त गर्दै मोरक्कोको नरेश मोहम्मद छैटौंलाई शोक सन्देश पठाएर समवेदना व्यक्त गरेका छन् । *रासस⁄एएफपी*


## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAUMI INTERNATIONAL BAKERIES

पुर्व स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 292260 | चलानी नं. ६०२०७४०४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bakery Helper | 20 | 0 | 1100 | ३९७६३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Sales Assistant | 25 | 0 | 1100 | ३९७६३ | | | | | | | |
| 3 | Van Salesman | 25 | 0 | 1900 | ६८६८१ | | | | | | | |

कम्पनी : Rashet Sweets EST

पुर्व स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 292261 | चलानी नं. ६०२०७४०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and beverage counter server | 4 | 0 | 1300 | ४६९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ३१ गते (17th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75

**National Exports Manpower Consultant Pvt. Ltd.**

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALAFEL JUMAN FAST FOOD BUFFET

पूर्व स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 292211 | चलानी नं. ६०२०७३९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 1 | 0 | 1600 | ५६७२९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४२५४७ | | | | | | | |
| 3 | Worker to clean kitchen appliances | 1 | 0 | 1200 | ४२५४७ | | | | | | | |

कम्पनी : Hadia Al Fadi Saqr Al Anzi Cafe.

पूर्व स्वीकृति मिति २०८०/०५/२२ | LT. No. 292210 | चलानी नं. ६०२०७४००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४२५४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ३१ गते (17th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रू.१,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



नेपाल सरकार

रक्षा मन्त्रालय

नेपाली सेना

श्री सबुज गण, आधाभार, बारा (कार्यालय कोड नं.३४५०१२२०४)

**किचन निर्माण सम्बन्धी सिलबन्दी बोलपत्र आब्हानको सूचना**

सुचना नं. १

(प्रथमपटक प्रकाशित मिति २०८०/०५/२४ गते)

१. आर्थिक वर्ष २०८०/८१ मा नेपाली सेना (सबुज गण आधाभार, बारा) को सु.पोष्ट लामिटारमा किचन निर्माण गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक फर्महरुले e-GP System को माध्यमबाट सिल्बन्दी बोलपत्र आब्हान गरिएको हुँदा बिस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp. हेर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२. सिलबन्दी बोलपत्रको विवरण

| सि नं. | ठेक्का निर्माण विवरण | ठेक्का नम्बर | स्थान | लागत अनुमान (मु.अ.कर सहित) | जमानत रकम | सिलबन्दी बोलपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | किचन निर्माण | NA/SBN/080/81/01 | लामिटार, मकवानपुर | १२,०५,९१०.०० | ३०,०००.०० | १०००.०० | २०८०/०६/०८ गते । | |



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOVE BUILDING CLEANING SERVICE EST

पुर्व स्वीकृति मिति २०८०/०५/१९ | LT. No.292096 | चलानी नं. ६०२०७३६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Cleaner | 7 | 0 | 800 | २८,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ३१ गते (17th Sep. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः कामदार आफैंले सेवा शुल्कः निःशुल्क

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने ⁄ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt.Lic. No. 1102/073/074

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**

**DK RIVER OVERSEAS (P.) LTD.**

Tokha-09, Gangabu, Kathmandu,

Tel : 01-4980932/4982214/4955132

Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८⁄९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११२००० | प्रति तोला - १११४५० | प्रति तोला - १४१० |

# पोखरा विमानस्थलबाट सुरु भयो व्यावसायिक उडान



■ प्रभाव संवाददाता

**कास्की–** भुटानको रोयल भुटान एयरलाइन्स ड्रुक एयरले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा शनिबार पहिलोपटक व्यावसायिक उडान भरेको छ।

भुटानको राजधानी थिम्पुस्थित पारो विमानस्थलबाट चालक दलका सदस्य र तीन यात्रुसहित आज बिहान ६:४० बजे पोखरा ओर्लिएको सो जहाज यहाँबाट ८:१५ बजे ४२ यात्रु बोकेर थिम्पु नै फर्किएको हो।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको आठ महिनापछि पहिलोपटक अन्तर्राष्ट्रिय व्यावसायिक उडान भएको पोखरा विमानस्थलले जनाएको छ। गत पुस १७ गते अङ्ग्रेजी नयाँ वर्षको पहिलो दिन पोखरा विमानस्थलको उद्घाटन गरिएको थियो। पोखराबाट थिम्पु जान लागेका पर्यटकलाई पोखरा विमानस्थलमा खादा तथा माला लगाएर बिदाइ गरिएको थियो। गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापा, पोखरा महानगरका प्रमुख धनराज आचार्य, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, पर्यटन व्यवसायीलगायतले यात्रुको बिदाइ गरेका हुन्।

पोखरा विमानस्थलका प्रमुख देवचन्द्रलाल कर्णले अन्तर्राष्ट्रिय उडानबाट विमानस्थलले पहिलोपटक आम्दानी गरेको बताए। उनका अनुसार प्रतियात्रु रु तीन हजार विमानस्थललाई आम्दानी भएको छ। उनले भने, 'यो पोखराको पहिलो कमर्सियल उडान हो। यसलाई हामी रेभेन्यु फ्लाइट भन्छौँ, चार्टरको रूपमा आएको हो। यसका लागि मेहनत गरेका थियौँ, कम्पनीलाई राम्रो सुविधा दिन्छौँ भनेर प्रतिबद्धता गरेका थियौँ, यसबाट उनीहरू कन्भिस भएर आएका हुन्।'

भारत, नेपाल र भुटान घुम्ने गरी आएका अमेरिकी पर्यटक ड्रुक एयर चार्टर गरी थिम्पु पुगेका हुन्। जहाज भारतीय एजेन्सीले नै चार्टर गरेका थिए। उनीहरू तीन दिन पोखरामा बसेर प्याराग्लाइडिङलगायत गतिविधिमा सामेल भएका थिए। काठमाडौँबाट उनीहरू आठ हेलिकोप्टरमा पोखरा आएका हुन्। पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आए पनि नियमितरुपमा अन्तर्राष्ट्रिय उडान अझै हुनसकेको छैन। विमानस्थल आन्तरिक उडानमा सीमित छ। यसअघि चीनको सिचुआन एयरलाइन्सले पोखरामा पहिलो चार्टर उडान गरेको थियो।

# पाइपलाइनबाट पेट्रोल चैतसम्म आउने

**अमलेखगञ्ज (बारा)–** मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन परियोजनाअन्तर्गत दोस्रो चरणको काम तीव्र गतिमा अगाडि बढेको छ। आगामी चैतसम्म पाइपलाइनबाट पेट्रोल र मट्टितेल ल्याउने उद्देश्यका साथ निर्माणको कामलाई तीव्रता दिइएको नेपाल आयल निगमले जनाएको छ।

दोस्रो चरणको कामअन्तर्गत अहिले पेट्रोल भण्डारण ट्याङ्क, ट्रान्समिक्स ट्याङ्क, पम्प हाउस, पेट्रोलको लोडिङका लागि २४ वटा पूर्ण स्वचालित लोडिङ वे (रिफिलर) लगायत भौतिक संरचनाको निर्माण भइरहेको छ। अहिले 'म्यानुअल'रुपमा पेट्रोलियम पदार्थको लोडिङ हुँदै आएको छ। दोस्रो चरणको परियोजनाको निर्माण भारतीय कम्पनी लिखिता इन्टरनेशनलले गरिरहेको छ।

परियोजनाको पहिलो चरणको कार्यअन्तर्गत अहिले भारतको मोतिहारीबाट अमलेखगन्जसम्म पाइपलाइनमार्फत डिजेल आयात भइरहेको छ। दोस्रो चरणमा पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्ने लक्ष्य रहेको निगमको अमलेखगञ्ज डिपोका प्रमुख विनितमणि उपाध्यायले बताए। 'यो लक्ष्यअन्तर्गत पेट्रोल र मट्टितेल भण्डारण ट्याङ्क अपुग हुने भएकाले अहिले आइओसीले त्यसको पूर्वाधार निर्माण गरिरहेको छ', उनले भने।

डिपोमा पेट्रोल भण्डारणका लागि चार हजार एक सय किलोलिटर क्षमताका दुई वटा भण्डारण ट्याङ्क तथा डिपो सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताका दुई वटा पानी टयाङ्की तथा दुई सय ५० किलोलिटर क्षमताका दुई वटा 'ट्रान्समिक्स ट्याङ्क' निर्माण भइरहेको छ। एउटै पाइपलाइनबाट क्रमशः डिजेल, मट्टितेल र पेट्रोल एकपछि अर्को ल्याउँदा मिसिएको पेट्रोलियम पदार्थको छुट्टै भण्डारण गर्न ट्रान्समिक्स ट्याङ्क निर्माण गरिएको निगमका इञ्जिनियर प्रशान्त भट्टराईले जानकारी दिए।

दोस्रो चरणको परियोजनाका लागि निगम र आइओसीले संयुक्तरूपमा लगानी गर्नेगरी



सम्झौता भएको थियो। जसअन्तर्गत दुई वटा पेट्रोल ट्याङ्कमध्ये निगम र आइओसीले एक/एक वटा ट्याङ्कको लागत व्यहोर्ने छन्। मिश्रित इन्धन राख्नका लागि २ वटा ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि 'फायरवाटर' ट्याङ्क भारतीय पक्षबाट निर्माण हुनेछ। आइओसीले करिब ७५ करोड भारतीय रुपैयाँ खर्च गर्नेछ।

निगमले भने एउटा पेट्रोल ट्याङ्क, २४ वटा रिफिलर, प्रयोगशाला, फायरफाइटिङ सिस्टमलगायत पूर्वधार निर्माण गर्नेछ। निगमको एक अर्ब ५४ करोड भारतीय रुपैयाँ बराबरको खर्च हुने अनुमान छ। सिभिल संरचनाअन्तर्गत विभिन्न उपकरण जडानका लागि भवन तथा पेट्रोलियम पदार्थको शुद्धता परीक्षणका लागि अत्याधुनिक प्रयोगशाला पनि निर्माण भइरहेको छ। परियोजनाको हालसम्मको प्रगति करिब ४० प्रतिशत रहेको प्रमुख उपाध्यायले जानकारी दिए।

'अहिले बर्खाको समय भएका कारण काम सुस्त भएको हो, तर केही समयपश्चात् निर्माणकर्ताले जनशक्ति थप गरेर काम गर्ने जनाएको छ। दोस्रो चरणका काम निर्धारित समयमै सम्पन्न गर्ने योजना छ', उनले भने। परियोजनाको काम तोकिएका समयमै सम्पन्न गर्न रात्रि सययमा पनि काम गर्ने ठेकेदार पक्षले जनाएको छ। निर्माण सुरु भएको करिब ५५ महिनामा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

दोस्रो चरणको परियोजनाको सम्पूर्ण खर्च करिब दुई अर्ब १५ करोड भारतीय रुपैयाँ रहेको छ। दोस्रो चरणको परियोजना निर्माण भएपछि समग्ररुपमा मुलुकलाई नै फाइदा पुग्ने निगमले जनाएको छ। अहिले बरौनीदेखि काठमाडौँसम्म पेट्रोल ढुवानी गर्दा प्रतिलिटर करिब छ रुपैयाँ ढुवानी खर्च थपिएको छ। अमलेखगञ्जसम्म पाइपलाइनमा पेट्रोल ल्याएर अन्य भूभागमा पठाउँदा ढुवानी खर्च आधा घट्ने अनुमान गरिएको छ। बरौनी वीरञ्गजबाट करिब तीन सय किलोमिटर टाढा छ।

'अहिले बरौनीबाट नै पेट्रोल र मट्टितेल आयात भइरहेको छ। पाइपलाइनबाट पेट्रोल र मट्टितेल आउन थालेपछि बरौनीबाट काठमाडौँसम्मको ढुवानी भाडा आधा बचत हुने अवस्था छ। निगमको बचत हुनु भनेको समग्रमा मुलुककै बचत हुनु हो', उनले भने। नेपाल-भारत अन्तरदेशीय पेट्रोलियम पाइप लाइन परियोजना २०७६ सालमा सम्पन्न भएको हो। त्यसयता पाइपलाइनबाट डिजेल आयात भइरहेको छ। विसं २०७६ भदौ २४ गते परियोजनाको औपचारिकरुपमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरुपमा उद्घाटन गरेका थिए।

पाइपलाइन नहुँदा डिजेल लिनका लागि भारतको बरौनीसम्म ट्याङ्कर पठाउनुपर्थ्यो। ट्याङ्करबाट ढुवानी गर्दा सीमा क्षेत्रमा हुने अवरोध, सडक जाम, बन्द, हड्ताल लगायतले समस्या पार्दै आएको थियो। 'अब ती समस्या सधैँका लागि समाधान भएका छन्, पाइपलाइन निर्माण सम्पन्न भएपछि सहजरुपमा आफ्नै देशमा निगमको डिपोमा पेट्रोलिमय पदार्थ आयात भइरहेको छ', प्रमुख उपाध्यायले भने।

पाइपलाइनबाट आयात भएको डिजेल अहिले लुम्बिनीको भैरहवा, बागमतीको थानकोट, गण्डकीको पोखरा, कोशीको विराटनगर र मधेस प्रदेशको जनकपुरमा आपूर्ति भइरहेको छ। मुलुकभरको मागको करिब ७० प्रतिशत डिजेल अमलेखगञ्ज डिपोले आपूर्ति गरिरहेको छ। पाइपलाइनबाट पछिल्लो चार वर्षमा ३८ लाख ११ हजार चार सय ५१ किलोलिटर डिजेल आयाता भएको निगमले जनाएको छ।

एउटै पाइपलाइनबाट डिजेल, पेट्रोल र मट्टितेलसमेत आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता कम हुँदा अहिले ट्याङ्कबाटै पेट्रोल र मट्टितेल आयात भइरहेको छ। आयोजना निर्माण सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको आयात पाइपलाइनबाटै हुनेछ।

यसबाट प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडा बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्नसमेत सहयोग पुग्ने निगमले जनाएको छ। परियोजना सम्पन्न भएपछि पेट्रोलियम पदार्थको सुनिश्चित आपूर्ति संयन्त्रको व्यवस्था हुनेछ। यसका साथै ढुवानी भाडा बचत, प्रदूषण नियन्त्रण, परिमाण र गुणस्तरको सुनिश्चिता र समयको बचतलगायत फाइदा हुनेछ। पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात गर्दा प्राविधिक क्षति शून्य हुने गरेको निगमको भनाइ छ।

यसबाट वार्षिक करिब १५ करोड रुपैयाँ बचत हुने अनुमान गरिएको छ। पाइप लाइनबाट डिजेल आयात हुन थालेपछि ढुवानी भाडाबापतको बर्सेनि रु दुई अर्ब जोगिएको छ। *रासस*

# 'आर्थिक समृद्धिको ढोका खोल्न प्रदेश सरकार प्रयासरत'

**गोरखा (प्रस)–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले आर्थिक समृद्धिको नयाँ सम्भावनाको ढोका खोल्न गण्डकी प्रदेश सरकार प्रयासरत रहेको बताएका छन्। नेपाल पत्रकार महासङ्घ गोरखा शाखाको नवनिर्मित भवनको शनिबार उद्घाटन गर्दै उनले प्रदेश सरकार सकारात्मक सोचका साथ इमान्दारितापूर्वक विकास र समृद्धिको दिशामा अघि बढिरहेको बताए।

'गण्डकी प्रदेशभित्रका सबै क्षेत्रमा समानुपातिक ढङ्गबाट विकास अगाडि बढाउन सकियोस् भन्ने प्रदेश सरकारको चाहना छ', उनले भने, 'त्यसका लागि आर्थिक समृद्धिको नयाँ सम्भावना खोल्न सकियोस् भन्ने कुरामा सरकारले सकारात्मक र इमान्दारितापूर्वक प्रत्यत्न गरिरहेको छ।'

नेपाली समाजमा पछिल्लो समय राजनीतिक दल र सरकारप्रति केही असन्तुष्टि र आक्रोश देखिएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले त्यसलाई सबै क्षेत्र मिलेर समाधान गर्नुपर्नेमा जोड दिए। 'समाजमा देखिएका असन्तुष्टि र आक्रोशलाई सरकारले सम्बोधन गर्नुपर्ने आवश्यकता छ', उनले भने, 'हाम्रा सीमित स्रोत र साधनलाई अधिकतम् प्रयोग गरेर मुलुकमै बसेर केही गर्नसक्ने वातावरण सिर्जना गर्नुपर्छ, त्यसतर्फ हामी सबैको सकारात्मक र जिम्मेवारीपूर्ण भूमिकाको आवश्यकता छ।'

मुख्यमन्त्री पाण्डेले जनताको आक्रोश र असन्तुष्टिलाई हिंसामा बदल्ने प्रयत्न भइरहेकाले सबै मिलेर समस्यालाई समयमै नियन्त्रण गर्नुपर्ने बताए। उनले गण्डकी प्रदेश सरकार विकासका लागि सञ्चारकर्मीसँग हातेमालो गरेर हिंड्न प्रतिबद्ध रहेको उल्लेख गरे।

'गण्डकी प्रदेश सरकार पत्रकारिताको विकासका लागि पत्रकारिता क्षेत्रसँग हातेमालो गरेर अघि बढ्न तयार रहेको छ', उनले भने, 'सञ्चारकर्मीबाट सकारात्मक सहयोग र सुझावको अपेक्षा छ।' उनले गण्डकीलाई नमूना प्रदेश बनाउनका लागि सबैको सहयोगको आवश्यकता औँल्याए।

# 'टोखा-छहरे सुरुङ मार्ग निर्माणमा चिनियाँ सहयोग जुटाउने छौं'

■ प्रभाव संवाददाता

**त्रिशूली (नुवाकोट)–** अर्थमन्त्री डा प्रकाशशरण महतले काठमाडौँको टोखाबाट नुवाकोटको छहरेसम्मको सुरुङ मार्ग निर्माणमा चीन सरकारको सहयोग जुटाइने बताएका छन्।

नेपाली कांग्रेस नुवाकोटले शनिबार विदुरमा आयोजना गरेको तीज विशेष शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै उनले सुरुङ मार्ग निर्माणले चीनसँगको व्यापारिक गतिविधिमा उल्लेख्य योगदान पुग्ने भएकाले चीन सरकारसँग सहयोग माग्न लागिएको बताएका हुन्।

'प्रधानमन्त्रीको आसन्न चीन भ्रमणका क्रममा माग गरिने सहयोगको कार्यक्रममा सुरुङ मार्ग निर्माणको प्रस्तावलाई अर्थ मन्त्रालयबाट प्राथमिकतामा राखेका छौं', उनले भने, 'योजना सम्पन्न गर्न करिब रु ५० अर्ब लाग्ने अनुमान छ, यो वर्ष नेपालले रु एक अर्ब बजेट विनियोजन गरेर सुरुवात गरेकाले चीनको सहयोग भित्र्याएर योजना सम्पन्न गर्नेमा केन्द्रित हुनेछौँ।'

नेपाल-चीनको व्यापारिक नाका रसुवागढी हुँदै राजधानी काठमाडौँ



आउजाउ गर्न सबैभन्दा छोटो दुरीमा पर्ने नुवाकोटको सडकलाई सुरुङ मार्गमार्फत काठमाडौँमा जोड्नसके दुई देशीय व्यापारको ढुवानीमा अहिलेको भन्दा आधा खर्च कम गर्न सकिने अर्थमन्त्री डा महतको भनाइ छ।

सुरुङ मार्ग निर्माणका लागि विभिन्न चरणका प्रक्रिया पूरा गर्न समय लाग्ने भएकाले निर्माण हुन्छ भन्नेमा ढुक्क हुन आग्रह गर्दै त्यसका लागि धैर्य गर्न उनले आग्रह गरे। अहिले प्रारम्भिक अध्ययन पूरा भएर वातावरणीय अध्ययनको काम अन्तिम चरणमा पुगेको छ। अबको एक-दुई दिनमा नै तयार भएपछि चीन भ्रमणको क्रममा उक्त प्रतिवेदनका आधारमा आर्थिक सहयोगको प्रस्ताव लैजाने अर्थमन्त्री डा. महतले बताए।

'चीनको केरुङ हुँदै काठमाडौँसम्मको अन्तर्राष्ट्रिय नाका सञ्चालनमा चीन सरकारको प्राथमिकतामा परेकाले सुरुङ मार्ग निर्माणमा नेपालको प्रस्तावलाई चीनले सकारात्मक रुपमा लिनेछ भन्ने विश्वास छ', उनले भने, 'धादिङको गल्छी हुँदै त्रिशूलीबाट रसुवागढीसम्म विस्तार भइरहेको अन्तर्राष्ट्रिय राजमार्गमा चीन सरकारको सहयोग भएकाले सुरुङ मार्गमा पनि दुई पक्षीय सहमति हुनेछ।'

भारतीय नाकाबन्दीको समयमा मन्त्रिपरिषद्को विशेष निर्णयअन्तर्गत निर्माण थालिएको धादिङको गल्छीबाट नुवाकोटको त्रिशूली हुँदै चीनसँगको सीमा रसुवागढीसम्मको अन्तर्राष्ट्रिय राजमार्ग निर्माणको काम नेपालको लगानीमा आधाभन्दा बढी सम्पन्न भइसकेको छ। उक्त सडकमा चीन सरकारले रसुवाको स्याफ्रुबेसीँदेखि रसुवागढीसम्मको १७ किलोमिटर सडक निर्माणको जिम्मेवारी लिए पनि काम सुरु गर्न भने बाँकी छ।

# पर्यटकीय गन्तव्य बन्दै मायाटार

■ प्रभाव संवाददाता

**मुग्लिन–** चितवनको पहाडी भूगोलमा पर्ने इच्छाकामाना गाउँपालिकामा थुप्रै पर्यकटीयस्थल छन्। भौगोलिक विकटता र प्रचारप्रसारको अभावका कारण यहाँका पर्यटकीयस्थल ओझेलमा पर्दै आएका छन्। पछिल्लो समय फिस्लिङ-शक्तिखोर सडक स्तरोन्नति भएसँगै इच्छाकामना गाउँपालिकाको माथिल्लो विकट भेगमा पनि पर्यटक बढ्न थालेको छ। वडा नं २ मायाटार गाउँ पर्यटकीय गन्तव्यका रूपमा विकसित हुँदै गएको स्थानीय बताउँछन्।

शक्तिखोरबाट उपरदाङगढी हुँदै फिस्लिङ जोड्ने सडकको मध्यभागमा पर्ने मायाटार गाउँमा गुरुङ र चेपाङ जातिको बाक्लो बसोबास छ। यो गाउँ चितवनको पुरानो सदरमुकाम ऐतिहासिक उपरदाङगढीबाट आठ किलोमिटरको दूरीमा पर्दछ।

गर्मी मौसममा आन्तरिक पर्यटक बढी पुग्ने गरेका घरबास (होमस्टे) सञ्चालकसमेत रहेका स्थानीय टीका गुरुङले बताए। 'जिल्लाको तराई भेग र इच्छकामनाको तल्लो भेगमा गर्मी हुँदा मायाटारमा भने सिरक ओढेर सुत्नुपर्ने अवस्था हुन्छ', उनले भने, 'गर्मी छल्न अन्य मौसममा भन्दा बढी आन्तरिक पर्यटक यहाँ पुग्ने गर्छन्।' यहाँ दैनिक आन्तरिक पर्यटक आएर बास बस्ने गरेको उनको भनाइ थियो।

गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले पर्यटकको आवागमन बढेसँगै यहाँका गाउँलाई होमस्टेका रूपमा विकास गर्ने योजना रहेको बताए। विशेष गरेर मायाटारसहित नजिक रहेका गुरुङ बस्ती, घुर्केस र डाँडागाउँमा होमस्टे सञ्चालन गर्ने तयारी भइरहेको उनले जानकारी दिए।

'यहाँ आउने पर्यटकलाई गुरुङ र चेपाङ समुदायको सांस्कृतिक झाँकीबाट मनोरञ्जन प्रदान गर्नका लागि होमस्टे सञ्चालन गर्ने योजना बनाएका छौँ। मायाटार नजिकै घुर्केस, डाँडागाउँलगायत रमणीय गुरुङ बस्ती छन्', अध्यक्ष गुरुङले भने, 'गुरुङ र चेपाङ समुदायको कला संस्कृतिबाट यहाँ आउने पर्यटकलाई थप मनोरञ्जन प्रदान गर्न सकिन्छ।' होमस्टे सञ्चालनका लागि स्थानीयलाई तालिमका साथै आर्थिक सहयोग गर्ने गाउँपालिकाको योजना रहेको उहाँले बताए। होमस्टे सञ्चालनमार्फत स्थानीयको आयस्तरमा वृद्धि हुने उनको भनाइ थियो।

मायाटारमा रहेको बालगौरी पाथीभरा सिंहदेवीमाईको मन्दिरमा दर्शन गर्न आउने दर्शनार्थीको सङ्ख्या पनि बढ्दै गएको छ। इच्छाकामना गाउँपालिकाको वडा नं २ मा पर्ने यो मन्दिरमा सन्तान नहुनेले सन्तान प्राप्तिका लागि भाकल गरेर पूजा गर्ने चलन रहेको स्थानीय टीका गुरुङले बताए। उनका अनुसार यस मन्दिरमा स्थानीय मात्र नभई छिमेकी जिल्ला गोरखा, धादिङ, तनहुँसहित काठमाडौं र भक्तपुरबाट समेत पूजा गर्न आउने गरेका छन्।

यहाँ गाउँपालिकाले बाटो निर्माणसँगै अन्य भौतिक संरचना बनाउन आर्थिक सहयोग गर्दै आएको अध्यक्ष गुरुङले बताए। उनका अनुसार करिब दुई सय मिटरको दूरीमा फलामको रेलिङसहितको सिँढी बाटो निर्माण भएको छ। मन्दिर आसपासको क्षेत्रलाई गेटसहित तारजाली लगाएर थप व्यवस्थित र संरक्षण गरिएको गाउँपालिका अध्यक्ष गुरुङले बताए।

हाल उक्त मन्दिरमा तीन जना पुजारीबाट नियमित पूजाआजा हुँदै आएको छ। मनकामना केबलकार जलविरे झरना, इच्छाकामना मन्दिर, उपरदाङगढीजस्तै इच्छाकामना गाउँपालिकाका लागि यो मन्दिर पनि एउटा धार्मिक पर्यटकीय गन्तव्य बन्न सक्ने अध्यक्ष गुरुङको भनाइ थियो।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ